का.जि.प्र.का.द.नं. १००/०५९/६०

५ साउन २०७९,
बिहीबार
21 July 2022,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १६६ । पृष्ठ ८

Madhyanha National Daily

www.madhyanhadaily.com

जेष्ठ नागरिकसम्बन्धी विधेयक पारित



## नैतिकता सम्झाउन कठोर कानून

सामान्यतया बाबुआमाको हेरचाह सन्तानको दायित्वभित्र पर्दछ र यो नैतिक विषय हो । तर, नैतिक मात्रै भन्दा जेष्ठ नागरिकहरु साहनाबिहीन भएको भन्दै संघीय संसदले कानुन नै बनाएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ४ साउन ।

बाबुआमाको हेरचाह र स्याहार सुसारलाई नैतिक रुपमा लिने नेपाली समाज विस्तारै अर्कोतिर उन्मुख हुँदै गएको छ। यही महसुस गरेर सरकारले बाबुआमाको हेरचाह गर्ने नैतिक विषयलाई कानुनले बाध्न खोजेको छ । यसका लागि संघीय संसदले ज्येष्ठ नागरिकप्रति सन्तानको दायित्व बाध्यकारी हुने गरी कानुन बनाएको हो ।

राष्ट्रिय सभाबाट पारित भएर आएको 'ज्येष्ठ नागरिक सम्बन्धी (पहिलो संशोधन) विधेयकलाई बुधबार प्रतिनिधिसभाले पनि सर्वसम्मत रुपमा पारित गरेको छ । पारित विधेयक अनुसार वृद्धवृद्धाले जीवनयापनमा समस्या आए सम्बन्धित स्थानीय तहमा उजुरी गर्न सक्छन्। उक्त उजुरीका आधारमा स्थानीय तहले हकवालाको हैसियतअनुसार रकम असुल गरी ज्येष्ठ नागरिकलाई दिनसक्छ । हकवालाको आम्दानीले जेष्ठ नागरिकको जीवन निर्वाह गर्न कठिन भए सम्बन्धित स्थानीय तहले पालन पोषण गर्नुपर्ने हुन्छ ।

छोराछोरी वा नजिकका नातेदारले जेष्ठ नागरिकको पालनपोषण नगरे त्यस्तो सम्पत्ति स्थानीय तहको स्वामित्वमा ल्याउन सक्नेछ। प्रतिनिधिसभाबाट पारित विधेयकमा भनिएको छ, 'हेरचाह नगरिएका वा अलपत्र अवस्थामा रहेका जेष्ठ नागरिकको जायजेथा वा अंशभाग भएमा स्थानीय तहले आफ्नो स्वामित्वमा ल्याई निजको हकहितका लागि परिचालन गर्नेछ ।'

हकवालाले पालनपोषण नगरेर अलपत्र परेका ज्येष्ठ – बाँकी पृष्ठ २ मा

> अब बाबुआमाको सम्पत्तिका लागि मुड्की बजार्ने तर, उनीहरुको हेरचाहमा ध्यान नदिने प्रवृत्ति निरुत्साहित हुने विश्वास छ ।



**उमा रेग्मी**
मन्त्री, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

जनार्दनमाथि छानविन प्रकरण

## विशेष समितिले माग्यो थप एक साता

करको दर हेरफेर गरेको भनी उठेको प्रश्नका सम्बन्धमा छानाविन गर्न गठित संसदीय विशेष छानविन समितिले थप एक साता समय माग गरेको छ । १० दिने समयाअवधिका काम सक्न मुस्किल भएको भन्दै थप समय मागिएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ४ साउन ।

करको दर हेरफेर गरेको भनी उठेको प्रश्नका सम्बन्धमा छानाविन गर्न गठित संसदीय विशेष छानविन समितिले थप एक साता समय माग गरेको छ। १० दिने समयाअवधिका काम सक्न मुस्किल भएको भन्दै थप समय मागिएको हो ।

समितिका सभापति लक्ष्मणलाल कर्णका अनुसार पूर्वअर्थमन्त्री जनार्दन शर्मामाथि छानबिन गर्न अझै बाँकी रहेको र प्रतिवेदन लेखन नै सुरु गर्न बाँकी रहेका कारण प्रतिवेदन बुझाउने समय थप गर्न माग गरिएको हो । उनका अनुसार अब सभामुख अग्निप्रसाद सापकोटासँग म्याद थपको विषयमा



छलफल हुनेछ। 'हामीले म्याद थपका लागि सभामुख आग्रह गर्ने भएका छौं' कर्णले भने, 'कति दिन भन्ने विषयमा सभामुखको सभामार्फत् जानकारी दिनु होला ।'

बजेट निर्माणको क्रममा अनधिकृत व्यक्ति बोलाएर करको दर हेरफेरको आरोप लागेपछि सभामुख सापकोटाले असार २२ गते ११ सदस्यीय संसदीय विशेष छानबिन समिति गठन गरेका थिए । त्यसैदिन शर्माले अर्थमन्त्रीबाट राजीनामा दिएका थिए । समितिलाई काम सुरु गरेको मितिबाट १० दिनको समय तोकिएको थियो। असार २८ गते काम सुरु गरेको समितिको कार्यकाल बिहीबार सकिदैछ ।

समितिले बुधबार पूर्व अर्थसचिव रामेश्वर खनाल, शान्तराज सुवेदी र शिशिर ढुंगानासँग छलफल गरेका थिए । त्यसैगरी बिहीबार बिहान ८ बने पूर्वअर्थमन्त्री जनार्दन शर्मालाई बयानका लागि बोलाउने भएको छ । हालसम्म समितिले अर्थमन्त्रालय पुगेर घटनाको बारेमा जानकारी लिएको थियो। समितिले अर्थ मन्त्रालयमा प्राप्त सीसीटीभी – बाँकी पृष्ठ २ मा

## सुधारको संकेत

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ४ साउन ।

कोरोना भाइरसको प्रभावले उच्च प्रभावित पर्यटन क्षेत्रमा सुधारको संकेत देखिन थालेको छ। कोरोनाको कारण ठप्प भएको पर्यटन व्यवसायमा पछिल्लो समय भने सुधारको संकेत देखा परेको हो। कोरोना नियन्त्रणमा आएसँगै यस क्षेत्रले ६७ प्रतिशत बढीको सुधार गरेको पर्यटन बोर्डले जनाएको हो।

एक तथ्यांक अनुसार, सन् २०१९ को जनवरी देखि अप्रिलसम्ममा नेपालमा ४२ हजार पर्यटक भित्रिएका थिए भने कोरोना भाईरस नियन्त्रण पछि अर्थात् २०२२ को जनवरी देखि अप्रिल सम्ममा १३ हजार ७ सय पर्यटक भित्रिएका छन्। २०१९ को मार्चमा ९३ हजार ९ सय पर्यटक विभिन्न देशबाट भित्रिएको देखिन्छ भने २०२२ को मार्चमा ४२ हजार पर्यटक मात्रै नेपाल आएका छन् । तथ्यांक अनुसार २०१९ कै अवस्थामा पर्यटन क्षेत्रलाई फर्काउन करिब ४५ प्रतिशतको वृद्धि गनुपर्ने देखिन्छ ।

२०१९ को अप्रिलमा ९५ हजार ८ सयको बढी पर्यटक भित्रिएका थिए भने २०२२ को अप्रिलमा ५८ हजार ३ सय बढी भित्रिएको विभागको तथ्यांकले देखाएको छ। उक्त तथ्यांक अनुसार उहीँ अवस्थामा पर्यटन क्षेत्रलाई फर्काउन करिब ४० प्रतिशतको वृद्धि हुनुपर्ने देखिन्छ। समग्रमा हेर्दा पर्यटन क्षेत्रको सुधार ६७ प्रतिशत बढीले भएपनि यथास्थितीमा फर्काउन भने अझै ३३ प्रतिशत पर्यटकको वृद्धि हुनुपर्ने बोर्डका प्रमुख धनञ्जय रेग्मीको भनाई छ । कोरोनापछि नेपाल घुम्न आउनेमा भारतीय र बंगलादेशी पर्यटकको संख्या उच्च देखिएको पनि तथ्यांकले देखाएको छ ।

सरकाले कोरोनाले ठूलो क्षति पुर्‍याएको पर्यटन क्षेत्र सुधारका लागि आयातलाई प्रतिस्थापन गर्ने, बाह्य र आन्तरिक पर्यटकका लागि विशेष प्याकेजको व्यवस्था गर्ने, आयात घाटा रोक्न पहल गर्नुपर्ने पर्यटन व्यवसायी मदन आचार्य बताउँछन्।

कोरोनाको रोकथाम भइसक्दा पनि चाईनाको बोर्डर नखुलेको र चाईनिज पर्यटक नभित्रिएको हुँदा त्यसमा सरकारले विशेष ध्यान दिनुपर्नेमा उनको भनाई छ। यद्यपि बोर्डले पनि आन्तरिक पर्यटकको संख्यामा वृद्धि गराउन विशेष योजना ल्याउने दाबी गरेको छ । सन् २०२० मा पूरा नभएको नेपाल भ्रमण वर्ष २०२४ मा मनाउने गरी तयारी थाल्ने पनि बोर्डले जनाएको छ ।

लामो समयदेखि चर्चा भइरहेको रात्रिकालीन सम्पदा यात्रा अब उपत्यकाका तीनै जिल्लामा सुरु गर्न लागिएको नेपाल पर्यटन बोर्डले जनाएको छ । कोरोनाले ल्याएको असामान्य परिस्थितिपछि आउने सामान्य – बाँकी पृष्ठ २ मा

विभागको 'फेमिस'मा रहेका समस्याबारे मन्त्री कुँवरद्वारा सरोकारवालासाग छलफल

## समस्याको समाधानका लागि समिति गठन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ साउन

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवरले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा देखिएका समस्या समाधानका विषयमा सम्बन्धित सरोकारवाला पक्षसँग छलफल गरेका छन् ।

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारसम्बन्धी सेवा प्रवाहलाई छिटो छरितो एवं व्यवस्थित गर्न २०७२ सालदेखि प्रयोगमा ल्याएको उक्त प्रणालीमा पटकपटक देखिएका समस्या देखिँदा वैदेशिक रोजगारसम्बन्धी कार्यहरू अपेक्षित सरल हुन नसकेको गुनासो छ ।

सरकारले श्रम स्वीकृत, विद्युतीय राहदानी, विदेशबाटै श्रम स्वीकृत गर्ने, औषधि उपचार सेवा दिने जस्ता कामहरु उक्त प्रणालीबाटै गरिरहेको छ । सरल र सहजरूपमा अनलाइन श्रम स्वीकृति प्रणालीको मुख्य सेवा हो ।

बुधबारको छलफलमा मन्त्री कुँवरसहित मन्त्रालयका सचिव एकनारायण अर्याल, वैदेशिक रोजगार विभागका महानिर्देशक शेषनारायण पौडेल, वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक राजनप्रसाद श्रेष्ठ, सामाजिक सुरक्षा कोष, अध्यागमन विभाग, कन्सुलर विभाग, राहदानी विभाग, सूचना प्रविधि विभाग, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

### समाचारसँगै तस्वीर दुरुस्त

**काठमाडौं/मस–** मलेसियाको क्वालालम्पुरस्थित नेपाली दूतावासले राष्ट्रपति तथा प्रधानमन्त्रीको तस्वीर दुरूस्त रहेको बताएको छ। मध्यान्ह राष्ट्रिय दैनिक तथा मध्यान्हको अनलाइन संस्करणको सोमबारको अंकमा 'प्रधानमन्त्रीको फोटो नरुचाउने राजदूत !' शीर्षकमा समाचार सार्वजनिक भएको थियो ।



उक्त समाचारमा दूतावासको ध्यानाकर्षण भएको भन्दै दूतावासले कार्यालयको सभाहल – बाँकी पृष्ठ २ मा

## इन्जिनियर बन्न लाइसेन्स अनिवार्य

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ४ साउन ।

इन्जिनियर बन्न लाइसेन्स पास गर्नुपर्ने भएको छ । यस सम्बन्धी प्रावधान राखेर संघीय संसदले कानुन बनाएको छ ।

राष्ट्रिय सभा र प्रतिनिधिसभाबाट पारित नेपाल इन्जिनियरिङ परिषद् ऐन, ०५५ संशोधन गर्न बनेको विधेयकमा मुख्यत: इन्जिनियर बन्नका लागि स्नातकसम्मको अध्ययन पूरा गरेपछि लाइसेन्स लिनुपर्ने र लाइसेन्स लिन परीक्षा पास गर्नुपर्ने प्रावधान राखिएको छ ।

विधेयक अनुसार चिकित्सक, नर्स, वकिल. शिक्षकजस्तै इन्जिनियरहरुले लाइसेन्स परीक्षा उतीर्ण गरेपछि मात्रै नेपाल इन्जिनियरिङ परिषदबाट लाइसेन्स – बाँकी पृष्ठ २ मा

### गम्भीर ध्यानाकर्षण सम्बन्धमा

उपरोक्त सम्बन्धमा मलेसियास्थित तान चोङ ग्रुप मातहतका ७ वटा कम्पनीको लागि नेपालबाट कामदार आपूर्ति गर्ने सम्बन्धमा विभिन्न पत्रपत्रिका तथा अनलाइन न्यूज पोर्टल लगायतका सामाजिक सञ्जालमा देखिएका अनधिकृत सूचना तथा समाचारप्रति यस कम्पनीको गम्भीर ध्यानाकर्षण भएको छ। मलेसियाको तान चोङ ग्रुप मातहतका ७ वटा कम्पनीमा रोजगारीका लागि जान ईच्छुक सम्भावित कामदारहरूलाई अनधिकृत सूचना तथा समाचारको भ्रममा नपर्नसमेत अनुरोध गर्दछौं । यस म्यानपावर कम्पनी र मलेसियाको तान चोङ ग्रुप अन्तर्गतका ७ वटा कम्पनीमा स्वच्छ एवम् न्यायोचित भर्ना प्रक्रियाबाट नेपाली कामदार पठाउन भएको कामदार आपूर्ति सम्बन्धी सम्झौता यथावत् कायम रहेको र सोही अनुसार सम्भावित कामदार छनोट हुने जानकारी गराउँदछौं । नेपाल सरकार तथा मलेसिया सरकारबीच यसअघि भएको सम्झौता अनुरूप स्वच्छ एवम् कानूनी प्रक्रियाबाट पारदर्शिताको आधारमा नै योग्य कामदारको छनोट भई रोजगारीमा जान पाउने सुनिश्चित गरिएकाले अनधिकृत सूचना, समाचार तथा बहकाउमा नपर्न पनि विशेष अनुरोध गरिन्छ। मलेसियाको उक्त कम्पनीले स्वच्छ एवम् न्यायोचित भर्ना प्रक्रियबाट यस फ्युजन ईन्टरनेशनल प्रा.लि.बाट नै कामदार आपूर्ति गर्ने आवश्यक तयारी र प्रवन्ध भइरहेको समेत जानकारी गराउँछौं ।

**कुमुद खनाल**
**अध्यक्ष/सञ्चालक**

इ.प्र.नं.: २८३/०५८/०५९

**फ्युजन ईन्टरनेशनल प्रा.लि.**
पञ्चकुमारी मार्ग, नयाँ बानेश्वर, काठमाडौं । फोन नं. ०१–४४६५३२६

# बुढिगंगा नदीको कटानले स्थानीयको बिचल्ली

**देबराज पाध्याय/मध्यान्ह**
बाजुरा, ४ साउन




बुढिगंगा नदिको कटानले बाजुराको बडीमालिकामा ४ वटा घर उत्त जोखिममा परेका छन् । बाजुराको बडीमालिका नगरपालिका वडा नम्बर २ भौनेरामा मंगलबार रातिको अविरल वर्षाका कारण बुढिगंगा नदीमा पानीको बहाब बढ्दा चार घर उच्च जोखिममा परेका छन् ।

रातभरीको वर्षाले भौनेरा क्षेत्र जलमग्न भएसँगै सो क्षत्रमा रहेका स्थानीयको बिचल्ली भएको नेपाल पत्रकार महासंघ बाजुराका सहसचिव गंगाराज पण्डितले जानकारी दिए । उनका अनुसार घरको आँगनसम्मै नदीले कटान गरेको छ ।

गंगराज पण्डित र अम्मराज पण्डितको घर पूर्ण रुपमा नदीले बगाएको, चन्दराज पण्डित र लक्ष्मीराज पण्डितको घर जोखिममा रहेको वडा नं. २ का अध्यक्ष डम्मर बहादुर महतले जानकारी दिए ।

मध्यराती नदीको कटानले घर गोठ बगाएपछि स्थानीयको साथै पशुचौपायको पनि बिचल्ली भएको थियो । नदीको कटानले घर बगाएपछि पीडितहरु छिमेकीको शरणमा बसिरहेका छन् । क्षतिको एकिन विवरण आउन बाँकी रहेको जिल्ला प्रहरी कार्यालय बाजुराका प्रहरी प्रमुख प्रहरी नायव उपरीक्षक सूर्य थापाले जानकारी दिए ।

# काठमाडौंमा ७ दिन फोहोर ढुवानी बन्द



**काठमाडौं/मस-** काठमाडौं महानगरपालिकाले ७ दिन घर, पसल तथा व्यवसायबाट उत्पादन हुने फोहोर बाहिर ननिकाल्न अपिल गरेको छ । काठमाडौं महानगरका प्रमुख बालेन्द्र शाह (बालेन) को अध्यक्षतामा बसेको फोहोरमैला व्यवस्थापन समितिको बैठकले बञ्चरेडाँडा पुग्ने सडक निर्माण कार्यमा सघाउ पुऱ्याउन यस्तो निर्णय गरेको हो ।

फोहोर व्यवस्थापनको कामलाई अल्पकालीन, मध्यकालीन र दीर्घकालीन उपायबाट समाधान गर्ने प्रयास गर्नपर्छ। बैठकका अध्यक्ष (महानगरका) प्रमुख शाहले, आपसी समन्वय र सहयोगबाट फोहोरको दीर्घकालीन समाधान निकाल्न सकिनेमा विश्वास व्यक्त गरे ।

उपत्यकाको फोहोर ढुवानी गर्ने सडक खण्डअन्तर्गत सिसडोल भ्याली १ मा सडक बनाउन सवारी आवतजावतका कारण कठिनाइ भएको व्यहोरा उल्लेख गर्दै हिजो साउन ३ गते सहरी विकास तथा भवन निर्माण विभागले महानगरलाई पत्र पठाएको थियो ।

समितिको बैठकमा यही अनुरोधका विषयमा छलफल गर्दै स्यानिटरी ल्याण्डफिल साइट जाने सडकबाट फोहोर ढुवानी कार्य ७ दिनका लागि रोक्ने निर्णय भएको हो । उक्त अवधिभर फोहोर बाहिर फोहोर उत्पादकलाई अनुरोध गर्ने र सडकको फोहोर पोको बनाउँदै व्यवस्थापन गर्ने निर्णय भयो ।

बैठकमा समितिका सदस्य एवं उपप्रमुख सुनिता डंगोल, वडाध्यक्षहरु प्रेम थापा, भुवन लामा, बालकृष्ण महर्जन, ईश्वरमान डंगोल, कुश ढकाल, नवराज पराजुली सहभागी थिए ।

बैठकपछि महानगरबासीका नाममा अपिल जारी गर्दै महानगरका प्रमुख प्रशासकीय अधिकृत एवं समितिका सदस्य सचिव लोकनाथ पौड्यालले, घर, पसल, व्यवसायबाट उत्पादन भएको फोहोर सार्वजनिक चोक, गल्ली तथा सार्वजनिक स्थलमा ननिकाल्न र घरमै छुट्याएर राख्न अनुरोध गरेका छन् ।

# आगलागीबाट २० लाख २५ हजारको क्षति

**बनियानी/मस-** झापाको झापा गाउँपालिका-५ स्थित सिमलडाँगीमा बुधबार बिहान आगलागी हुँदा रू २० लाख २५ हजार बराबरको क्षति भएको छ ।

झापा-५ सिमलडाँगीका अब्दुल करिम अलीको घरमा विद्युत् चुहावट भई आगलागी हुँदा अलीसहित छ जनाको घर जल्दा उक्त मूल्य बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक वसन्त पाठकले जानकारी दिए ।

आगलागीबाट अलीको टिनको छाना, बाँसको टाटिबेराले बनेको एकतले घर र घरभित्र रहेको लत्ताकपडा, अन्नपात, भाँडावर्तन जलेर नष्ट हुँदा रू तीन लाख बराबरको क्षति भएको छ ।

त्यस्तै आगलागीबाट अबदुल जुलास अलीको टिनको छाना, बाँसको टाटिबेराले बनेको एकतले घर र घरभित्र सबै सामान जल्दा रू तीन लाख, अमोर अलीको टिनको छाना, बाँसको टाटिबेराले बनेको एकतले घर र घरभित्र रहेको लत्ताकपडा, अन्नपात, भाँडावर्तन जलेर रू दुई लाख ५० हजार बराबरको क्षति भएको छ ।

त्यस्तै अनावर अलीको टिनको छाना, बाँसको टाटिबेराले बनेको एकतले घर र घरभित्र रहेको लत्ताकपडा, अन्नपात, भाँडावर्तन जल्दा रु तीन लाख ५० हजार, इस्माइल अलीको टिनको छाना, बाँसको टाटिबेराले बनेको एकतले घर र घरभित्र रहेको लत्ताकपडा, अन्नपात, भाँडावर्तन जल्दा रू तीन लाख ७५ हजार र समित अलीको टिनको छाना, बाँसको टाटिबेराले बनेको एकतले घर तथा घरभित्र रहेको लत्ताकपडा, अन्नपात, भाँडावर्तन जल्दा रू चार लाख ५० हजार बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक सर्वसम्मतिले स्वीकृत

**काठमाडौं/मस-** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ माथिको दफाबार छलफल गरियोस् भनी राख्नुभएको प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको छ । राष्ट्रियसभाको बुधबारको बैठकमा उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको हो । सो अवसरमा मन्त्री पौडेलले छलफलमा उठेका प्रश्नको जवाफ दिए ।



संशोधनकर्ताका तर्फबाट छलफलमा राष्ट्रियसभा सदस्य प्रकाश पन्थले उक्त विधेयकको सराहना गरे । सांसद देवेन्द्र दाहालले विज्ञान र प्रविधिसँग जोडिएको विधेयक महत्वपूर्ण रहेको बताउँदै अन्तर्राष्ट्रिय जनशक्ति उत्पादन गर्ने संस्थाका रुपमा विकास गर्नपर्नेलगायत केही संशोधन प्रस्ताव राखे ।

सांसद डा.बेदुराम भुसालले ५४ संशोधनमध्ये समावेशी, छात्रवृत्ति, प्रत्यायोजित व्यवस्था कम गर्नपर्नेलगायत २१ संशोधन आफूहरुको रहेको जानकारी दिनुभयो । सांसद सुरेश आलेले विश्वविद्यालय आउनु सराहनीय भएको भए पनि विचार उत्पादन गर्नेलगायत केही विषय परिमार्जन गर्नपर्ने बताए ।

सांसद खिमलाल देवकोटाले मुलुकका ११ विश्वविद्यालयमा पाँचलाख ५६ हजार विद्यार्थी भएकामा त्यसको ८० प्रतिशत त्रिभुवन विश्वविद्यालयमा अध्ययन गर्ने गरेकाले शिक्षाको विकास गर्ने नाममा विश्वविद्यालय खोल्न प्रतिस्पर्धा गर्न नहुने बताए। सांसदहरु सुमित्रा विसी, तुलसाकुमारी दाहाल, भैरवसुन्दर श्रेष्ठ, गङ्गाकुमारी बेल्बासेलगायतले प्राविधिक शिक्षाको विकास हुने विश्वास व्यक्त गरे ।

यसअघि विशेष समयमा बोल्दै राष्ट्रियसभा सदस्य मायाप्रसाद शर्माले उच्च तहमा बसेका सबैको सम्पत्ति छानबिन गर्नपर्ने बताए । उनले देशमा परनिर्भरता बढ्दै गएकामा चिन्ता व्यक्त गर्दै स्वदेशी उत्पादन बढाउन आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नपर्ने बताए ।

सांसद सोनम ग्याल्जेन शेर्पाले केन्द्रीकृत अधिकारलाई विकेन्द्रीकृत गरी गाउँको विकास गर्न संघीयताको महत्व रहेकाले यसको खारेजी गर्न नहुने बताए । त्यस्तै सांसद नारायणदत्त मिश्र, मोहममद खालिदलगायतले देश विकासका लागि समाजवादी प्रजातन्त्रको खाँचो रहेको बताए ।

# शल्यक्रिया सेवा बन्द

**दोलखा/मस-** दोलखाको पशुपति चौलागाईं स्मृति प्रदेशिक अस्पतालमा कार्यरत करार कर्मचारीको म्याद थप नहुँदा शल्यक्रियासहितको विशेषज्ञ सेवा बन्द भएको छ ।



बागमती प्रदेश सरकार मातहत रहेको प्रदेशस्तरीय सो अस्पतालमा कार्यरत करार कर्मचारीको यो महिनादेखि म्याद थप नहुँदा शल्यक्रियासहित विशेषज्ञ सेवा बन्द भएको अस्पतालका सूचना अधिकारी शान्ति न्यौपानेले जानकारी दिइन् ।

यही साउन १ गतेदेखि नै शल्यक्रिया सेवा बन्द भएको हो । पचास शय्या क्षमताको प्रदेशस्तरीय अस्पतलामा ७२ कर्मचारी कार्यरत रहेकामा नौ जना मात्रै स्थायी स्वास्थ्यकर्मी छन् । तीमध्ये दुई जना अध्ययन बिदामा छन् । अस्पतालमा सात कर्मचारी मात्र हाल कार्यरत छन् । कार्यरत ६३ करार कर्मचारीको म्याद नवीकरण नगर्न अस्पताललाई बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयले पत्राचार गरेको छ ।

अस्पतालले हालसम्म भीमेश्वर नगरपालिकासँगको समन्वयमा अस्पतालबाट प्रदान गरिने सबै सेवा निःशुल्क प्रदान गर्दै आएको थियो । बिरामी कुरुवालाई समेत खाना अस्पतालले नै निःशुल्क उपलब्ध गराउँदै आएको थियो । एकैपटक ६३ कर्मचारीको म्याद थप नहुँदा अस्पतालबाट प्रदान गरिने सेवा प्रभावित बनेको छ । अस्पतालमा दैनिक दुई सयदेखि तीन सयसम्म बिरामी उपचारका लागि आउने गरेको सूचना अधिकारी न्यौपानेले बताइन् ।

बागमती प्रदेश स्वास्थ्य मन्त्रालयमार्फत अस्पतालमा कर्मचारीका विषयमा वैकल्पिक व्यवस्था नगरी एकैपटक सबै हटाउन निर्देशन आएपछि व्यवस्थापनमा समस्या भएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष भरतबहादुर केसीले बताए ।

## नैतिकता...

नागरिकलाई हेरचाह केन्द्रमा राखी पालनपोषण तथा हेरचाह गर्ने व्यवस्था स्थानीय तहले मिलाउनुपर्ने छ । पारित विधेयक अनुसार आमाबुवाले पालनपोषण नगरेका सन्तानले भने जेष्ठ नागरिकको हेरचाह गर्न बाध्य हुने छैन ।

'हामीले हाम्रो औकात अनुसार जेष्ठ नागरिकको जिम्मा राज्यले लिने, सन्तानलाई नै जिम्मेवार बनाउन खोजका हौं' विधेयक पारित हुनुअघि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री रेग्मीले भनेकी छन् । विधेयक पारित भएसँगै बाबुआमाको सम्पत्तिमा दावी गर्ने तर उनीहरुको हेरचाहमा ध्यान नदिने प्रवृत्ति निरुत्साहित हुने मन्त्री रेग्मीले बताइन् ।

'सन्तानलाई नै जिम्मेवार बनाउन खोजिएको छ । यदि जिम्मेवारी बहन नगेरको खण्डमा जेष्ठ नागरिकलाई अलपत्र पार्न हुन्न भन्ने सरकारको मनसाय छ' मन्त्री रेग्मीले भनिन्, 'वृद्धाश्रममा राखेर समाधान खोज्न हुँदैन । जीवनभर कमाइ गरेर बनाएको घर नै जेष्ठ नागरिकको मन्दिर हो । त्यहाँबाट अन्यत्र सार्ने प्रयास गर्न हुँदैन ।'

पारित विधेयकमा आम्दानी गर्ने छोराछोरीले ज्येष्ठ नागरिक बाबुआमाको नाममा रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । जेष्ठ नागरिकको नाममा रकम जम्मा गर्न लगाउनुअघि छोराछोरी वा हकवालाको आर्थिक हैसियत पहिचान गर्ने भनिएको छ । हकवालाले जेष्ठ नागरिकलाई पालनपोषण गर्न नसक्ने भए के गर्ने भन्नेमा भने विधेयक मौन छ ।

तर, निश्चित वार्षिक आम्दानीभन्दा बढी आम्दानी गरिरहेका बाबुआमाका लागि भने छोराछोरी वा हकवालाले रकम जम्मा गर्नुपर्दैन । तर यस्तो वार्षिक आम्दानीको सीमा ऐनमा तोकिएको छैन ।

यस्ता अस्पष्टताहरु नियमावलीमा समेटिने महिला तथा वालवालिका मन्त्री उमा रेग्मीले बताएकी छन् । विधेयक प्रमाणीकरण भई लागू भएपछि सम्बन्धित मन्त्रालयले नियमावली बनाउन सक्नेछ ।

'नियमित पारिश्रमिक, निवृत्तिभरण पाइसकेका बाहेकका जेष्ठ नागरिकहरुलाई यदि उनको कुनै पनि आम्दानी छैन भने छोराछोरीले कम्तीमा निश्चित रकम जम्मा गर्नुपर्ने भनेर लेखेका छौं । अब नियमावली बनाउँदा आफ्नो आम्दानीको यति रकम बाबुआमाको खातामा जम्मा गर्नुपर्छ भनेर तोक्नेछौं' मन्त्री रेग्मीले भनिन् ।

उनका अनुसार ज्येष्ठ नागरिक बाबु र आमा सँगै रहेको र संयुक्त बैंक खाता भएमा छोराछोरीले सोही खातामा रकम जम्मा गर्नुपर्नेछ । यदि बाबु र आमा अलग अलग छन् भने आफूसँग आश्रित ज्येष्ठ नागरिकको खातामा रकम जम्मा गर्नुपर्छ ।

साथसाथै विधेयकमा जेष्ठ नागरिक इजलास गठन गर्ने विषय राखिएको छ । 'यस ऐन बमोजिम जेष्ठ नागरिकले गरेको कसुरजन्य कार्यको सुरु कारबाही, सुनुवाइ र किनारा गर्न नेपाल सरकारले न्याय परिषदको सिफारिसमा जेष्ठ नागरिक इजलास गर्न गर्न सक्नेछ' विधेयकमा भनिएको छ ।

प्रतिनिधिसभाबाट पारित यो विधेयक फेरि राष्ट्रिय सभामा जान्छ । प्रतिनिधिसभाले गरेको संशोधन राष्ट्रिय सभाले स्वीकार गरेको खण्डमा राष्ट्रिय सभाका अध्यक्षबाट प्रमाणित हुँदै प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पुग्छ । राष्ट्रपतिले प्रमाणीकरण गरेपछि ज्येष्ठ नागरिक बाबुआमाप्रति सन्तानको दायित्व कानुनी रुपमै बाध्यकारी हुनेछ ।

## जनार्दनमाथि...

फुटेज रिकभरीका लागि नेपाल प्रहरीको फरेन्सिक ल्याबमा पठाएको छ । त्यसैगरी बजेट निर्माण कार्यमा संलग्न रहेका अर्थमन्त्रालयका अधिकारीहरुसँग जेठ १४ गतेको घटनाको बारेमा जानकारी लिएको थियो ।

## सुधारको...

अवस्था (न्यु-नर्मल) मा राजधानीका तीनै सहरमा कम्तीमा १२ बजेसम्म घुमघाम गर्न पाइने गरी रात्रिकालीन सम्पदा यात्रा सञ्चालन गर्न बोर्डले सबै तयारी पूरा गरेको बताएको छ । साथै लामो समय कोरोनाले थलिएको पर्यटन क्षेत्रमा देखिएको सुधारको संकेतले पर्यटन व्यवसायी केही उत्साहित भएका छन् ।

## विभागको....

लगायतका कर्मचारीको सहभागिता रहेको थियो ।
मन्त्री कुँवरले वैदेशिक रोजगारमा जाने श्रमिकले अनलाइनबाट लिने सेवालाई अझ प्रभावकारी र गुणस्तरीय बनाउनका लागि सम्बन्धित सरोकारवाला निकायलाई आग्रह गरे। मन्त्री कुँवरले प्रविधिमैत्री वर्तमान समयमा मन्त्रालयले दिने सेवालाई सहज, गुणस्तरीय र प्रधावकारी ढंगले सेवाग्राही समक्ष पुग्ने गरी काम गर्न निर्देशन दिए।

वैदेशिक रोजगार प्रक्रियामा रहेका श्रमिकलाई समस्या भएको गुनासो सुन्न नपर्ने गरी काम गर्नु सबैको दायित्व रहेको भन्दै मन्त्री कुँवरले ग्रामिण भेगबाट सेवा लिन आउने सेवाग्राहीले समेत 'यो राज्य मेरो पनि हो है' भन्ने अनुभूति हुने गरी काम गर्न आग्रह गरे । अहिले प्राविधिक क्षेत्रमा नयाँ तरिकाले काम गर्न अथवा अनलाइन सेवा शुरु गर्न आर्थिक समस्या भए मन्त्रालयले रकम उपलब्ध गराउन पनि तयार रहेको मन्त्री कुँवरले बताए ।

वैदेशिक रोजगारमा जान सरकारले दश हजार रूपैयाँ सेवा शुल्क लिन पाउने निर्णय गरेको भएपनि एउटा व्यक्ति नै ९ लाखसम्म ठगिएका गुनासो आइरहेको भन्दै मन्त्री कुँवरले सरकार, म्यानपावर कम्पनी र स्वयं कामदारबीच समन्वय गरेर श्रमिक ठगिने अवस्था न्यूनीकरण गर्न लाग्नुपर्ने बताए। मन्त्री कुँवरले विदेशमा काम गर्ने श्रमिकले ठुलो मात्रामा रेमिट्यान्स पठाइरहेकाले त्यो रकमलाई एकीकृत गरेर व्यवस्थित गर्ने, बैंकिङ प्रणालीलाई प्रभावकारी बनाउने तथा श्रमिकलाई प्रोत्साहन हुने काम गर्न आवश्यक रहेको बताए ।

छलफलमा सहभागीहरुको सुझावपछि सेवालाई छिटो छरितो र प्रभावकारी बनाउनका लागि सबै सरोकारवालाको सहभागिता रहने गरी विभागको नेतृत्वमा एक समितिसमेत गठन गरिएको छ । समितिले प्रणालीमा देखिएका प्राविधिक समस्यालाई पहिचान गरी समाधानका लागि पहल गर्ने बताइएको छ ।

## समाचारसँगै...

'कन्फरेन्स रूम', राजदूतको कार्यकक्ष र कार्यवाहक राजदूत मोतिबहादुर श्रीसको कार्यकक्षमा राष्ट्रपति र प्रधानमन्त्रीका तस्वीर दुरुस्त रहेको बताएको छ। मध्यान्ह दैनिकलाई पठाइएको पत्रमा दूतावासका द्वितीय सचिव प्रदीप खड्काले दूतावाससँग सम्बन्धित सूचना तथा समाचारका लागि सधैं खुला रहेको स्पष्ट पारेका छन् ।

## इन्जिनियर ....

पाउनेछन् । लाइसेन्स पाएपछि मात्र इन्जिनियरले पेशा गर्न पाउनेछन् ।
संसदमा सांसदहरुले उठाएका प्रश्नहरुको जवाफ दिँदै भौतिक पूर्वाधार तथा यातायात मन्त्री मोहम्मद इश्तियाक राईले लाइसेन्स लिन परीक्षा अनिवार्य गरिएपछि गुणस्तरमा उठेको प्रश्नको स्वतः निरुपण हुने बताए । विधेयकले इन्जिनियरिङ परिषदलाई सातै प्रदेशमा शाखा कार्यालय खोल्न पाउने, अनलाइन मार्फत सेवा प्रदान गर्न सक्ने लगायतका सुविधा पनि दिएको छ ।

**धरान उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
धरान-१२, सुनसरी

**आर्थिक प्रस्ताव खोल्ने सूचना**

प्रकाशन मिति २०७९।०४।०५

प्रस्तुत सम्बन्धमा यस कार्यालयको लागि तपशिल बमोजिमको ठेक्का E–bidding मार्फत ३० दिने सूचना प्रकाशन गरी निर्धारित समय सम्म प्राप्त भएको एक मात्र बोलपत्र श्री (Shah Nirman Sewa Inarwa–1, Sunsari)ले प्रवाधिक प्रस्ताव पूरा गरी आर्थिक प्रस्ताव खोल्नका लागि मूल्यांकन समितिबाट सिफारिस भई आएकाले आर्थिक प्रस्ताव खोल्न यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | विवरण | प्रकाशन मिति | खोलिन मिति र समय |
|---|---|---|---|---|
| १ | 18/DHARAN/ WORKS/NCB/078/79 | Road Maintenance work of different road at dharan road at dharan sub metropolitan City | 2079–04–05 | 2079–04–11 [12:00 am] |

**Governemnt of Nepal**
**Ministry of Physical Infrastructure & Transport**
**Department of Roads**
**Federal Highway Supervision and Monitoring Office, Itahari**
**Roads Division Damak**

**Notice to Open Financial Bids**

**Date of Publication: 2079/04/05**

1. Persuant to Rule 31(nga), Sub Rule 5 of Public Porcurement Regulation 2064 (including amendments), this is hereby notified to all concerned bidders who bidded as per our notice No. 10-078/79 dated 2078/12/14 published on "Madhyanha Daily" that the list of successful bidders in technical proposal have been listed below.

**List of Successful Bidders:**

| Bid Notice No. | Contract Identification No. | Name & Address of Bidders |
|---|---|---|
| 10-078/79 | RD-DMK/33701132-4/078/79-037 | 1. Ajad Nirman Sewa Pvt. Ltd., Baneshwor-10, Kathmandu<br>2. KM-Joshila JV, Biratnagar-10, Morang |

2. All the Qualified Bidders in technical Bids are therefore, notified to send their authorized representative for financial bid opening on Bids on 2079/04/12 at 13:00 hrs in the Roads Division Damak.

**Division Chief**

# कैदीबन्दीको अवस्था निकै जटिलः आयोग




**काठमाडौं/मस-** राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले कारागारका कैदीबन्दीको अवस्था निकै जटिल रहेको बताएका छन् । मानव अधिकार एवं कैदीबन्दी न्यायिक सरोकार मञ्चको नवौं वार्षिकोत्सवका अवसरमा बुधबार आयोजित कार्यक्रममा उनले कारागारभित्रका कैदीबन्दीको अवस्थाबारे आयोगले जानकारी लिँदै आएको बताए ।

'कारागारभित्रको कैदीबन्दी के कारणले बिरामी पर्‍यो, के कारणले मर्‍यो भन्ने जानकारी थाहा पाउन नै मुस्किल हुँदै आएको छ', उनले भने । अध्यक्ष मगरले पहिलेको तुलनामा भन्दा अहिले कारागारभित्र भने सुधार आएको बताए । उनले कारागारभित्र रहेका कैदीबन्दीको अवस्थाबारे आयोगले बेलाबेलामा सरकारको ध्यानाकर्षण गराउँदै आएको स्मरण गरे ।

राष्ट्रिय महिला आयोगकी सदस्य कृष्णकुमारी पौडेल खतिवडाले संविधान र कानूनमा महिला अधिकारका विषयमा धेरै लेखिए पनि कारागारभित्र रहेका महिला कैदीबन्दीको अवस्था दयनीय रहेको बताए ।

अधिवक्ता मनिषकुमार श्रेष्ठले देशका अधिकांश कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी राखिँदै आएको बताउँदै उक्त विषय मानवअधिकारको दृष्टिकाणले अत्यन्तै संवेदनशील भएको बताए ।

मञ्चकी अध्यक्ष कोकिला पुनले अन्यायमा परेका व्यक्तिलाई उद्धार गर्ने संस्थाको मुख्य उद्देश्य रहेको बताइन् । विसं २०७० मा स्थापना भएको उक्त संस्थाले कारागारमा रहेका कैदीबन्दीको मानव अधिकारको लागि आवाज उठाउँदै आएको संस्थाका उपाध्यक्ष रत्न श्रेष्ठले जानकारी दिए । सोही अवसरमा संस्थाका संस्थापक अध्यक्ष स्व. शंकर केसीकी धर्मपत्नी सुशीला केसी र संस्थापन कार्यसमिति र मञ्चका कानून सल्लाकार एवं विभिन्न क्षेत्रमा सहयोग गर्ने दातालाई सम्मान गरिएको थियो ।

# नेपाली महिला समाज कतारद्वारा मानव सेवा आश्रमलाई सहयोग



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ४ साउन

नेपाली महिला समाज कतारले मानव सेवा आश्रमलाई आर्थिक सहयोग हस्तान्तरण गरेको छ । समाजद्वारा सञ्चालित भाग्यशाली चिट्ठा कार्यक्रम मार्फत भएको आम्दानीबाट एक लाख तीस हजार आश्रमलाई सहयोग गरिएको हो ।

समाजकी अध्यक्ष सरिता भण्डारी पौडेलको नेतृत्वको टोलीले मङ्गलबार काठमाडौंमा रहेको आश्रममा पुगेर एक कार्यक्रमकाबीच रकम हस्तान्तरण गरेको हो ।

सहयोग ग्रहण गर्दै आश्रमका केन्द्रीय अध्यक्ष एवम् संस्थापक रामजी अधिकारीले २०८२ साल वैशाख १ गतेसम्म नेपाललाई नै सडक मानवमुक्त देश घोषणा गर्ने अभियान रहेको बताउँदै महिला समाज प्रति कृतज्ञता जाहेर गरे । कार्यक्रममा बोल्दै अध्यक्ष भण्डारीले मानवीय कार्यमा एउटा इँटा थप्न पाउँदा आफूलाई खुसी लागेको बताइन् ।

'नेपाली महिला समाजको चाहाना, एकता र सहयोगको विशुद्ध सामाजिक भावना' भन्ने मूल नाराका साथ विक्रम संम्बत २०६९ सालमा स्थापना भएको समाजले कतारमा रहेका नेपाली समाज तथा दिदीबहिनीहरुको हक, हितको लागि आवाज उठाउँदै सामाजिक कार्यहरूमा अग्रसर रहँदै आएको छ ।

# बहुमुखी क्याम्पस निर्माणका लागि ५० लाखको जग्गा दान



**अजय मिश्र/मध्यान्ह**
कपिलवस्तु, ४ साउन

कपिलवस्तुको यशोधरा गाउँपालिकास्थित बहुमुखी क्याम्पस निर्माणका लागि स्थानीय समाजसेवीले १० कट्ठा जग्गा दान गरेका छन् । यशोधरा गाउँपालिका वडा नं. ५ सुठौलीका शोभनाथ कुर्मीले क्याम्पस निर्माणका लागि जग्गा निःशुल्क प्रदान गरेका हुन् ।

क्याम्पसको भवन निर्माणका लागि जग्गाको अभाव खड्कीएको बेला समाजसेवी कुर्मीले जग्गा उपलब्ध गराएका हुन् । ग्रामीण सडकले छोएको उक्त जग्गाको मूल्य ५० लाख रुपैयाँ पर्ने स्थानीयले बताए ।

यशोधरा गाउँपालिकामा शिक्षा समाज र राष्ट्रको अभिन्न अंग भएकाले भौतिक संरचनाकै कारण शिक्षालयहरुले समस्या झेल्न नपरोस् भनेर क्याम्पस निर्माणका लागि प्रदान गरिएको कुर्मीको भनाइ छ ।

जग्गादाता कुर्मीलाई गाउँपालिकाका अध्यक्ष शिवदयाल तिवारी, उपाध्यक्ष गुञ्जादेवी मौर्या, समाजसेवी राधेश्याम पाठकलगायतले धन्यवाद् व्यक्त गरेका थिए ।

# थप ३९१ जनामा कोरोना संक्रमण पुष्टि

**काठमाडौं/मस-** बुधबार थप ३९१ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । दुई हजार ५६२ पीसीआर परीक्षणमा ३४० जना र एक हजार ४१९ एन्टिजेन परीक्षणमा ५१ जना गरी ३९१ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

यस्तै, पछिल्लो २४ घण्टामा कोरोना संक्रमणमुक्त हुनेको संख्या ४६ रहेको छ । हाल देशभर कोरोनाका सक्रिय संक्रमित संख्या दुई हजार २७६ रहेको मन्त्रालयले जनाएको छ । सक्रिय संक्रमितमध्ये दुई हजार १४३ जना होम आइसोलेसनमा छन् भने १३३ जना संस्थागत आइसोलेसनमा छन् ।



# डाउन टाउन युनिभर्सिटीले एक सय विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने

**काठमाडौं/मस-** भारतको डाउन टाउन युनिभर्सिटीले नेपाल, भारत र बङ्गलादेशका विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने भएको छ । गुहाटीमा अवस्थित युनिभर्सिटीले पहिलो पटक नेपाललगायतमा स्नातक तहमा अध्ययनरत १०० जना विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने भएको हो ।

पाँच करोड मूल्य बराबरको छात्रवृत्तिका लागि विद्यार्थीहरूले अनलाईनबाट नै निवेदन दिन युनिभर्सिटीले जनाएको छ । नेपालका लागि अनलाइन छात्रवृत्ति परीक्षामा सहभागी हुनको लागि साउन ११ गतेसम्म नाम दर्ता गर्नुपर्नेछ ।

अनलाईन परीक्षा साउन १३ को लागि तोकिएको छ । www.adtu.in/scholarship/ बाट विद्यार्थीहरूले छात्रवृत्तिको लागि आवेदन दिन सक्नेछन् । युनिभर्सिटीमा अहिले नेपाल, भुटान र बङ्गलादेशका सयौं विद्यार्थीहरू अध्ययनरत छन् । यस छात्रवृत्ति कार्यक्रम अन्तर्गत, शीर्ष १०० जना विद्यार्थीहरूलाई शत प्रतिशत छात्रवृत्ति प्रदान गरिनेछ । उक्त छात्रवृत्ति विद्यार्थीहरूको पाठ्यक्रम पूरा नभएसम्मका लागि जारी रहने युनिभर्सिटीले जनाएको छ ।

विभिन्न विषयहरूमा पिएचडी प्रदान गर्दै, शिक्षा र अनुसन्धानको अग्रणी स्थानमा रहेको युनिभर्सिटीमा भारतका विभिन्न राज्य लगायत नेपाल, भुटान, बङ्गलादेश, नाइजेरिया, रुवाण्डा लगायतका राष्ट्रका विद्यार्थीहरूले उच्च शिक्षाका लागि जाने गरेका छन् ।

विश्वविद्यालयले वार्षिक रूपमा रोजगार मेलासमेत आयोजना गर्ने गरेको छ । उक्त मेलामा नाम चलेका विभिन्न अन्तर्राष्ट्रिय कम्पनीहरूको सहभागीता रहने गर्दछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

**प्रकाशित मितिः २०७९/०४/०५**

यस कार्यालयमा मिति २०६९/०१/१२ मा दर्ता भएको **प्रा.लि.नं. ९२६४२** को **फिटनेस स्टुडियो नेपाल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०४/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०४/०५**

**वि. एण्ड वि. रिक्रुटमेन्ट प्रा.लि**को मिति २०७७/०९/२१ र २०७७/०९/२३ गते मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बि. एण्ड जी. इन्टरनेशनल ओभरसीज प्रा.लि. (प्रा. लि. नं.: १७१४२५)** कायम गर्ने गरी मिति २०७७/११/०४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/११/२१ मा दर्ता भएको **प्रा.लि. नं. २३५८४७** को **बिजग्रो ट्रेनिङ्ग एण्ड एच.आर. कन्सल्टेन्सी प्रा.लि.**को मिति २०७९/०४/०४ गतेको विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३, ईमेल** : rokayasherbahadur723@gmail.com

**ZERO COST RECRUITMENT IN MALAYSIA!!**
**मलेशियामा शुन्य लागतको रोजगार !!**

Free Visa, Free Ticket, Free Service Charge,Free Medical, Free Passport and Free Transportation, lodging and Meals (upon offering of job).
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, फ्रि राहदानी र निःशुल्क यातायात, आवास र खाना (छनौट पस्चात)

**(Company Name) : TOYOPLAS MANUFACTURING (MALAYSIA) SDN. BHD.**
**रोजगारदाता कम्पनी : टोयोप्लास म्यानुफ्याक्चरीङ (मलेसिया) एसडिएन. बिएचडी**

| पूर्व स्वीकृत मितिः २०७९/०४/०३ | चलानी नं.:६०१८३४५१ | एल टी नं.: २६७५९३ |
|---|---|---|
| Pre Approval Date: 2022/07/19 | Consignment No.:60183451 | L.T. No.: 267593 |

| सि. नं S. N. | Post of Foreign Migrating Worker's कामदारको पद | Total No Of Demand माग संख्या Male पुरुष | Female महिला | Minimum Requirement न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलब MYR रिङ्गिट | NPR ने.रु. | Over time ओभरटाइम सुबिधा | Working Hour Per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days Per Week हप्तामा काम गर्ने दिन | Annual Leaves बार्षिक बिदा | Food Facility खाना सुबिधा | Accomodation Facility बस्ने सुबिध | Contract Period करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 200 २०० | 0 | Basic Understanding of English speaking and writing साधारण अंग्रेजी लेख्न, पढ्न र बुझ्न सक्ने | 1500 १५०० | 43,020 ४३,०२० | As per the company rules कम्पनीको नियम अनुसार | 8 Hours ८ घण्टा | 6 Days ६ दिन | As per the company rules कम्पनीको नियम अनुसार | No छैन | Yes छ | 2 Years दुई वर्ष |

| Domestic medical expenses borne by whom and how much does it Cost स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने | Abroad Medical Cost borne by विदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने | Domestic Foreign terminal Life insurance borne by whom and how much does it cost स्वदेशमा गरिने म्यादी जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the Premium Cost रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air Fare will Borne by whom and how much does it cost कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | Visa Fee will be borne by भिषा शुल्क कस्ले ब्यहोर्ने | Visa Stamping Cost will be borne by भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने | Cost of Orientation and borne by अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने | Management of Welfare Fund कल्याणकारी कोष सम्बन्धी व्यवस्था | Rate Service Charge सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer: (1)Age 18 to 35 : NPR 3708/-, (2) Age 36 to 50 : NPR 4931/-, (3) Age 51 to 64 : NPR 9463/- रोजगारदाताले ब्यहोर्ने : (१) उमेर १८ देखि ३५: ने.रु.३७०८।-, (२) उमेर ३६ देखि ५०: ने.रु.४९३१।-, (३) उमेर ५१ देखि ६४: ने.रु.९४६३।- | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | NPR 700/- By the Employer ने.रु.७००।- रोजगार दाताले ब्यहोर्ने | NPR 1500/- By the Employer ने.रु.१५००।- रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने |

Toyoplas Manufacturing (Malaysia) Sdn. Bhd. doesn't impose any Recruitment/Placement Fee for this employment.
टोयोप्लास म्यानुफ्याक्चरीङ (मलेसिया) एसडिएन. बिएचडी.ले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागू गर्ने छैन ।

**Palhi Overseas (Pvt.) Ltd.** doesn't use any Agent/Sub –Agent/ Third Parties Involvement/Intermediaries in our sourcing and Recruitment Process.
पाल्ही ओभरसिज प्रा.लि.को कुनै पनि एजेन्ट, सव-एजेन्ट, तेश्रो पक्ष र मध्यस्तता रहेको छैन् र हामी हाम्रो भर्ती पत्रियामा यी माध्यमहरुको प्रयोग पनि गर्दैनौं ।

**Note (नोट):**
* आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य आफन्त/साथीभाई)ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।
* Applicants are requested to submit their application directly without using any mediator. Applicants (Family members/Relatives/Friends) are not required to make any payments for this employment.
* प्रि–अन्तर्वार्तामा समावेश भई सफल भएका आवेदक मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।
* Only applicants who have been selected in Pre-Interview will be eligible for final Interview.

**Pre interview will be conducted daily basis in our office Premises.**
**प्रि–अन्तर्वार्ता मेनपावर कार्यालय परिसरमा चलिरहेको छ ।**
**Final Interview will be conducted on 28 & 29 July 2022 in Kathmandu.**
**फाइनल अन्तर्वार्ता मिति २०७९ साउन १२ र १३ गते मेनपावर कार्यालय परिसरमा हुनेछ ।**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी Information provided by the Department of Foreign Employment(DOFE) :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। 1.Confirm that visa is issued under your name २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । 4.Before going abroad orientation or induction training should be attended compulsorily ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same ६.काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 6.While going abroad use International Airport of Nepal or else you might be deceived ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला । 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

Palhi Overseas (Pvt.) Ltd. is committed to abide laws and principle guidelines of "ZERO COST " and "ETHICAL SOURCING/RECRUITMENT" providing equal opportunities treating fairly with the dignity in transparent way.
पाल्ही ओभरसिज प्रा.लि.ले "शून्य लागत" र "नैतिक स्रोत र भर्ती" को कानुनी सिदान्तलाई पालना गरी पारदर्शी र मर्यादित रुपमा समान अवसरको सेवा प्रदान गर्नको लागि प्रतिबद्ध छ ।

बैदेशिक रोजगारको लागि हाम्रो संस्थाले गर्दै आएको प्रकृयाहरु (दर्ता, छनौट, उडान) लगायत हाम्रो कार्य सम्पादन उपर कुनै गुनासो अथवा अन्य समस्याको अनुभुती गर्नु भएमा हामीलाई ईमेल info@palhioverseas.com मा सिधा सम्पर्क गरी अथवा हाम्रो कार्यालयको सुझाव पेटिका मार्फत समेत प्रत्यक्ष वा अप्रत्यक्ष दर्ता गर्न सक्नुहुनेछ । गुनासोकर्ताको परिचय गोप्य राख्ने प्रतिवद्धताका साथ छिटो भन्दा छिटो तपाईहरुको गुनासो हरुलाई सम्बोधन गर्नेछौं ।
Any grievance regarding our services on foreign employment process (Registration, selection, flight, etc.), please let us know emailing us at info@palhioverseas.com, or can be register complaint directly or indirectly by dropping in our suggestion box. We committed to keep identity anonymous and handel your concerns as soonest possible.

License No. 598/062/063
**PALHI OVERSEAS PVT. LTD.**
जि.पि.ओ. बक्सः ९७८०, लोसाल अन्नपूर्णमार्ग, चप्पलकारखाना, काठमाडौं, फोनः ०१-४०१५७९२, ४०१५६५५
E-mail: info@palhioverseas.com | Website: www.palhioverseas.com

**कतारमा रोजगार** | कम्पनी : **GARDEN WORLD** शहरः **Doha**

पूर्व स्वीकृत मितिः २०७९/०२/०५ चलानी नं.: ६०१७९४१९ L.T. No.: 263175 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farmer | 6 | 0 | स. काममा दक्ष | 1000 | ३४,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १२ गते (28 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**मञ्जुश्री ओभरसिज सर्भिस प्रा. लि.**
बालुवाटार, काठमाडौं, श्रम इजाजत पत्र नं. ४२३/०६०/०६१, फोनः ४४४६०४१
E-mail.: manjushreeoverseas@gmail.com, Web.: www.http://www.manjushree.com.np

**यूएइमा रोजगार** | कम्पनी : Lahej & Sultan Cleaning Services & General Maintenance Co. शहरः UAE

पूर्व स्वीकृत मितिः २०७८/०९/११ चलानी नं.: ६०१७१२३५ LT. No.: 254719 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 13 | 14 | स. काममा दक्ष | 900 | ३१,२६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १२ गते (28 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: १५३३/०७८/०७९
**Golden achivers international pvt Ltd**
Basundhara Chauki Kathmandu, Tel: 01-5914478
Mob.: 9803552057, 9803846905, 9818261234, 9818591086
E-mail : info@goldenach.com, Web.: www.goldenach.com

**मलेसियामा रोजगार** | कम्पनी : SONGS TRINITY SOLUTIONS SDN. BHD शहरः Malaysia,SELANGOR

पुर्व स्वीकृत मितिः २०७९/०४/०४ चलानी नं.: ६०१८३५३४ LT. No.: 267606

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Services | 50 | 0 | स. काममा दक्ष | 1500 | ४३,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १२ गते (28 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**K L Employment Service (P) Ltd.**
श्रम इजाजत नं.: ७०१/०६३/०६४
शम्भु मार्ग, एयरपोर्ट, काठमाडौं
फोन : ४४६४११३, ४४९३१८०, फ्याक्सः ४४६९३२१
Email: info@klemployment.com.np | Web: www.klemployment.com.np

**मलेसियामा रोजगारको अवसर** | कम्पनीः INNOVANS PALM INDUSTRIES SDN. BHD. शहरः SELENGOR

पूर्व स्वीकृत मितिः २०७९/०४/०४ चलानी नं.: ६०१८३५३१ LT. No.: 267674

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | स. काममा दक्ष | 1500 | ४३,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**साउदीमा रोजगारको अवसर** | कम्पनीः OFFICAL CLOTHES TRADING EST. शहरः AL HASA

पूर्व स्वीकृत मितिः २०७८/१०/२३ चलानी नं.: ६०१७४०१४ LT. No.: 257432 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७९ साउन १२ गते (28 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
श्रम इजाजत नं. ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, नेपाल, फोनः ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०
Email- info@merocvs.com / info@luckyhrsolution.com

मध्यान्ह
www.madhyanhadaily.com
५ साउन २०७९, बिहीबार
21 July 2022, Thursday

## सम्पादकीय

# सम्भावित संकटमै राजनीति !

प्रमुख विपक्षी दल नेकपा एमालेका महासचिव शंकर पोखरेलले वर्तमान सरकारकै कारण अर्थतन्त्र संकटतर्फ धकेलिएको बताएका छन् । बुधबार बानेश्वरमा पत्रकारहरूसँग महासचिव पोखरेलले कालोधनकै पक्षमा सरकार उभिएकाले तरलताको अभाव देखिएको तर्क गरे । ८ खर्ब पैसा बजार पठाएपनि बैंकमा पैसा अभाव हुनुमा अहिलेकै सरकारको कमजोरी रहेको महासचिव पोखरेलको तर्क छ । एमाले अध्यक्ष केपी शर्मा ओलीले पनि पोखरेलले जस्तै वर्तमान सरकारका कारण मुलुक श्रीलंका बन्ने बाटोतिर उन्मुख भएको बताउने गरेका छन् । अध्यक्ष र महासचिवकै जस्तो व्याख्या एमाले पंक्तिले गरिरहेका छन् । र, एमालेको तर्कमा गभर्नर महाप्रसाद अधिकारी पनि उभिएका छन् । हुन त गभर्नर अधिकारीलाई एमालेको अर्थ तथा योजना विभागमै बसेको आरोप लागिरहेको छ, जसको खण्डन स्वयम् गभर्नर र एमालेले गर्न सकिहेको छैन ।

यसको ठीक बिपरीत सत्तारूढ दलहरूले भने गभर्नर स्वयम् आर्थिक संकटका सहायक बनेको बताइरहेको छ । सरकाले गभर्नर अधिकारीलाई छानबीन गर्ने निर्णय गरेर निलम्बन नै गरेको थियो । सरकारले छानबीन गर्ने निर्णय गरेपछि निलम्बित गभर्नर अधिकारीलाई सर्वोच्च अदालतले पदस्थापन गरेको छ । गभर्नर अधिकारीलाई निलम्बन गर्ने अर्थमन्त्री जनार्दन शर्माले भने पदबाट राजीनामा दिइसकेका छन् । बजेट निर्माणका क्रममा करको दर हेरफेर गर्न शर्माले अवैधानिक व्यक्ति सामेल गराएको सूचना सार्वजनिक भएको थियो । उक्त सूचनाको खण्डन गर्न नसकेपछि शर्माले अर्थमन्त्रीबाट राजीनामा दिए । गभर्नर अधिकारी विवादित छन् भने अर्थ मन्त्रालयमा विभागीय मन्त्री छैनन् ।

यिनै विषयमा सत्ता र विपक्षी दलबीच आरोप–प्रत्यारोप भइरहेको छ । जबकी इन्धनको मूल्यबृद्धिले नयाँ कीर्तिमान बनाइरहेको छ । खाद्य वस्तुको मूल्यबृद्धि रोकिएको छैन । दक्षिण एसियाली मुलुक श्रीलंका राजनीतिक नेतृत्वकै कारण चरम आर्थिक संकटमा फसेको छ । अर्को मुलुक पाकिस्तानमा पनि समस्या बढ्दै गएको छ । अन्य देशहरूको अर्थतन्त्र समेत असन्तुलित बनिरहेको छ । यस्तो बेला राष्ट्रिय सहमति गरी मुलुकलाई सामान्य अवस्थामा राख्नुपर्ने दायित्व साझा बन्नुपर्ने हो । तर दलहरू भने सम्भावित संकटबारे गैरजिम्मेवार बनेर राजनीतिक स्वार्थमा अल्मलिएको देखिन्छ । त्यसको मुख्यकारण भने आगामी चुनाव लक्षित दलीय तयारी नै हो । तर नेतृत्वले भने मुलुकको संकट भन्दा दलीय हैसियतलाई ठूलो सम्झिरहेको देखिन्छ, जुन कार्य गैरजिम्मेवार र गैरजवाफदेहीपन हो । मुलुक र नागरिकप्रति जिम्मेवार राजनीति होइन ।

# चुलिँदो व्यापार घाटा : कारण र समाधान

*२०७८/७९ को चैत्रसम्म नेपालमा ६० अर्बका खाद्यान्न आयात भएको छ । तथ्यांकअनुसार नेपालीले करोडौंको जुनेलोसमेत किनेर खाने गरेका छन् । हाल नेपालको निर्यात व्यापार कूल गार्हस्थ उत्पादनको ५ प्रतिशतभन्दा कम छ । यो अफगानिस्तान, बुरुण्डी र सुडानजस्ता जीडीपीको तुलनामा अति नै कम निर्यात व्यापार हुने देशको भन्दा अगाडी हो ।*

**अग्रलेख**



● डा. सुमनकुमार रेग्मी

सन् १९५० मा नेपालमा पहिलो प्रजातान्त्रीक आन्दोलनदेखि संविधान २०७२ को पहिलो पाँच वर्षे आम चुनावको समयावधिका सकिन लाग्दा पनि अर्थात् हालसम्म पनि राजनीतिक स्थिरता देखिदैन् । यसको प्रमाणका रूपमा नेपालको आर्थिक विकास नभएकोलाई औंल्याउन सकिन्छ । करिब हरेक १०/१० वर्षमा जनआन्दोलनपश्चात राजनीतिक परिवर्तन देखा पर्दै आएको छ । १०/१० वर्षबिच नेपालमा राजनीतिक स्थिरता भएको जस्तो देखिन्छ । सन् १९९० को जनआन्दोलन पछि स्थिरता देखिए पनि सन् २००६ मा परिवर्तन देखा पऱ्यो । सन् २००८ मा त गणतन्त्र आयो तर, सन् १९९६ देखी दश वर्षसम्म देशमा द्धन्दको अवस्था रह्यो । देशमा सन् २००६ पछि २०२१ सकिदा पनि पनि देशले आर्थिक क्षेत्रसहित अरु क्षेत्रमा गति लिन सकेको छैन । देशमा छोटो-छोटो अवधीमा सरकार परिवर्तनको खेल चलेर आइरहेको छ । यस्तो अस्थिरताले देशले आर्थिक विकास गर्न सकेको छैन् । आ.ब. २०७३/७४, २०७४/७५ र २०७५/७६ मा आर्थिक बृद्धि ६ देखि ७ प्रतिशतसम्म रहन गयो । २०७६/७७ देखि २०७८/७९ सम्म त कोरोनाले २०१९ ले अर्थतन्त्रमा असर गऱ्यो ।


नव वर्षदेखिका केही दिन पछि नै हालका अवस्थामा सिगरेटसहित अरु केही वस्तुहरु आयात बन्द गरिएको छ । सरकारले २०७९ आषाढ मसान्तसम्मको लागि १० वस्तुहरु आयातमा रोक लगाएको छ । तर सरकारले चुरोट तथा सूर्तिजन्य वस्तु र कच्चा पदार्थ आयातमा छुट दिएको छ । उच्च व्यापार घाटा र विदेशी मुद्रा सञ्चिती घट्न थालेपछि सरकारले आयातमा कडाई गर्न थालेको हो । सबै प्रकारका तयारी मदिरा, चुरोट तथा सूर्तिजन्य वस्तुलगायतका विभिन्न १० बिलाशीताका वस्तु आयातमा रोक लगाइएको छ । कुरकुरे, लेज, हिरा, मोबाइल सेट, ३२ इन्चभन्दा माथिका रंगिन टीभी, जीप, कार तथा भ्यान, २५० सीसीभन्दा माथिल्लो क्षमताका मोटरसाइकल, सबै प्रकारका खेलौनाहरु र खेल्ने तास आायतमा रोक लगाइएको छ ।

आर्थिक वर्ष २०७८/७९ को एघार महिना अर्थात् जेठ २०७९ सम्म बजेटभन्दा ३१ अर्ब बढी व्यापार घाटा भएको छ । २०७८/७९ को २०७९ जेठ मसान्तसम्म देशको व्यापार घाटा २५ प्रतिशतले बढेर १५ खर्ब ७७ अर्ब रूपैयाँको भएको छ । सरकारले २०७८/७९ को मध्यावधी समिक्षा गर्दा बजेटको आकार १५ खर्ब ४६ अर्ब करोड रूपैयाँमा सिमीत भएको छ । आ.ब. २०७८/७९ अन्त हुन लाग्दा पनि व्यापार घाटा बढ्दो छ । २०७९ जेठ मसान्तसम्म देशको वस्तु तथा सेवाको निकासी ५३.३ प्रतिशतले बढेर १ खर्ब ५५ अर्ब पुगेको छ भने आयात २७.५ प्रतिशतले बढेर १७ खर्ब ६३ अर्ब १२ करोड रूपैयाँ पुगेको देखिन्छ । यस्तै कूल बेदेशिक व्यापारमा निकासीका हिस्सा भने ९.५३ प्रतिशतले बढेर ९०.४७ प्रतिशत भएको छ ।

भारतसँगको व्यापार घाटा सबभन्दा बढी ९ खर्ब ५५ अर्ब रूपैयाँ भएको देखिन्छ । भारतमा २०७८/७९ मा एघार महिनामा १ खर्ब ४५ अर्ब ९० करोडको मूल्यका वस्तु निकासी भएकोमा भारतबाट ११ खर्ब ९० करोड ३७ लाखको आयात आयात भएको छ । निर्याततर्फ ४६ अर्ब ५८ करोड ७० लाखको भटमासको तेल निकासी भएकोमा ४ अर्ब ४५ करोडको सन फ्लावर तेल तथा ३९ अर्ब ११ करोड ७० लाखको पाम आयल निकासी भएको छ ।

भारतबाट सबैभन्दा बढी इन्धन आयात भएको छ । जेठ २०७९ सम्म ६ लाख ७८ हजार ६७१ किलो लिटर इन्धन आयातको लागि रु. ६२ अर्ब ९१ करोड ९८ लाख खर्चिएको देखिन्छ भने १६ लाख २ हजार ४०८ किलोलिटर डिजेल खरिदमा रु. १ खर्ब ४५ अर्ब २१ करोड ९३ लाख खर्च भएको छ । त्यस्तै एल पी ग्याँस ५९ अर्ब १६ करोड तथा हवाई इन्धनका लागि १२ अर्ब ८८ करोड खर्च भएको छ । नेपालमा सबै जसो इन्धन भारतबाट आयात हुने गर्दछ । यद्यपी चीनसँग नेपालको कूल इन्धनको ३० प्रतिशत चीनसँग इन्धन गर्नुपर्ने २०७३ मा चीनसँग व्यापार तथा यातायात पारबहन सम्झौता भएको छ । उत्तरी देश चीनसँग २ खर्ब ४३ अर्ब ४७ करोडको व्यापार घाटा भएको छ । चीनतर्फ नेपालको निकासी ७३ करोड ९० लाखमा सिमीत भई आयात आयात २ खर्ब ४४ अर्ब २१ करोड रूपैयाँ भएको छ ।

२०७८/७९ को चैत्रसम्म ६० अर्बका खाध्यान्न आयात भएको छ । यस्तो अवस्थामा जुनेलोसमेत किनेर खान पर्ने भएको छ । नेपालको कूल कृषि योग्य भूमीमध्ये सात प्रतिशतमात्र खेति योग्य जमिन बाँझो रहेको छ । देशभर कूल ३० लाख ९१ ह्जार हेक्टर जमीन खेतियोग्य छ । जीडीपीमा कृषिको योगदान २७ प्रतिशत बराबर रहेको छ । यस्तो अवस्थामा अत्याधिक रूपमा खाध्यान्न आयात भइरहेको छ । २०७८/७९ को नौ महिनामा रु. ५९ अर्ब २९ करोड ७० लाख ३६ हजारको सामान आयात भएको छ । २०७८/७९ मा चैत्रसम्म रु. १४ अर्ब ९७ करोड २३ लाख ६८ हजार मूल्य बराबरका ५० करोड ५० करोड ८८ लाख ७८ हजार ३०८ केजी धान आयात भएको छ । त्यसबाट सरकारले रु. ७५ करोड ४ लाख बराबरको राजस्व संकलन गरेको छ ।




*२०३३ सालसम्म धान-चामल निर्यात कम्पनी स्थापना गरी नेपालको धान निर्यात गर्ने गरिएको थियो । अहिले पनि निकासी वस्तु यस्तो कम्पनीमार्फत निकासी गर्न सक्नु पर्दथ्यो । तर, अहिले नेपालमा धान-चामल आयात हुन्छ । २०३८ साल तिर धान-चामल कम्पनी नै बन्द गरिएको थियो । २०४० को दशकबाट नेपालमा धान-चामल आयात शुरु हुन थालेको हो ।*

आर्थिक वर्ष २०७८/७९ मा ५ अर्बको गहुँ आयात भएको छ । ५ अर्ब २७ करोड ७९ लाख ७३ हजारको १५ करोड ९८ लाख ८३ हजार ४३८ केजी गहुँ आयात भएको छ । गहुँको बिउ रु. ७ लाख ९७ हजार ८० केजी गहुँ आयात भएको छ । त्यसको लागत मूल्य रु. २१ लाख २६ हजार बराबरको छ । आर्थिक वर्षको २०७९ चैत्रसम्म ६५२ केजी जुनेलो रु. ३५ हजारको आयात भएको छ ।

यसरी नेपालको व्यापार घाटा बढ्नुको कारण इन्धनको आयात उच्च हुनु हो । मोबाइलदेखि मोटरसाइकलसम्म १० प्रकारका सामान नेपाल आयातमा केही महिना अघि आयातमा रोक लगाइएको अवस्था छ । यी आयात रोक लगाइएको वस्तुहरुमा कुरकुरे, कुरमुरे, लेज, सबै प्रकारका तयारी मदिरा, चुरोट तथा सूर्तिजन्य वस्तु र कच्चा पदार्थ ल्याउन भने छुट छ । हिरा र औद्योगिक कच्चा पदार्थ ल्याउन छुट भनिएको छ । त्यस्तै सरकारले मोबाइल सेट, रंगीन टीभी ३२ इन्चभन्दा बढी, जीप, कार, भ्यानहरु, एम्बुलेन्स, शववाहन प्रयोजनका लागि ल्याउन पाउने भनिएको छ । २५० सीसीभन्दा माथिका क्षमताका मोटरसाइकल, सबै प्रकारका खेलौना र खेल्ने तासलाई पनि तत्काल विदेशबाट ल्याउन नदिने भएको छ ।

पहिले कृषिको जीडपीमा अत्याधिक योगदान थियो भने पछिल्ला दशकमा देश रेमिट्यान्ससमय हुन गयो । वार्षिक तथ्यांकका आधारमा आ.ब. २०७६/७७ मा ०.५ प्रतिशतले घटेर रेमिट्यान्स आ.ब. २०७७/७८ मा ९.८ प्रतिशतले बद्धि भई ९६१ अर्ब पुगेको थियो । यो नै नेपालको जीडीपीको २२.५ प्रतिशत थियो । यस आधारमा हेर्दा, नेपाली अर्थतन्त्रको मुख्य आधारमा रेमीट्यान्स हो भन्ने कुरामा दुबिधा देखिँदैन् ।

यस्तो व्यापार घाटा बढदै गएको अवस्थामा धानको उत्पादन तीन गुणा बढाउन सरकारी पदाधिकारीका जोड छ । सन् १९८० को आखिरीसम्म ९० प्रतिशतभन्दा बढी जनसंख्याको जिवीकोपार्जन माध्यम कृषि नै थियो । यद्यपी जमीनको २० प्रतिशत क्षेत्र खेतियोग्य थियो । कृषिले जीडीपीको ७० प्रतिशत र कूल निर्यातको करिब ७५ प्रतिशत हिस्सा ओगटेको थियो । यद्यपी पाँचौ पञ्च वर्षीय योजना तर्जु भएपछि नै कृषिको सबैभन्दा बढी प्राथमिकता हालसम्म पनि पर्दै आएको छ । तर कृषि क्षेत्रमा खासै प्रगति भएको छ तर देशमा खाद्यान्न प्रशस्त कृषि वस्तुका आयात अचाक्ली बढेको छ । २०७३/७४ देखी २०८२/८३ सम्मका लागि ल्याइएको प्रधामन्त्री कृषि आधुनीकरण परियोजना कार्यक्रम आएको पाँच वर्ष भए पनि भष्ट्राचारमा व्याप्त छ । वास्तविक किसानले यसको फाइदा पाउन सकेका छैनन् । जीडीपीमा कृषिको योगदान २०७९ आउँदा २५ प्रतिशतमा खसेको छ ।

नेपालले अहिले वार्षिक खबौं रूपैयाँको खाद्य सामाग्री आयात गर्न परेको छ । २०३३ सालसम्म धान-चामल निर्यात कम्पनी स्थापना गरी नेपालको धान निर्यात गर्ने गरिएको थियो । अहिले पनि निकासी वस्तु यस्तो कम्पनीमार्फत निकासी गर्न सक्नु पर्दथ्यो । अहिले नेपालमा धान आयात भइरहेको छ । २०३८ साल तिर धान-चामल कम्पनी नै बन्द गरियो । २०४० दशकबाट नेपालमा धान-चामल आयात शुरू हुन थाल्यो ।

सिद्धान्ततः विश्वका कतिपय देशले आफ्नो कूल गार्हस्थ उत्पादन वा जीडीपीको २ सय २५ प्रतिशतसम्म निर्यात व्यापार गर्ने गर्दछन् । तर नेपालको निर्यात व्यापार कूल गार्हस्थ उत्पादनको ५ प्रतिशतभन्दा कम छ । यो अफगानिस्तान, बुरुण्डी र सुडानजस्ता जीडीपीको तुलनामा अति नै कम निर्यात व्यापार हुने देशको भन्दा अगाडी हो । नेपालको उतरी छिमेकी चीनको निर्यात व्यापार जडिीपीको २७ प्रतिशत रहेको छ ।

देशको आवश्यकता परिपूर्ति गर्नका लागि विदेशी मुद्रा बढी आम्दानी गर्ने लक्ष्य राखेर वस्तुगत तथा सेवागत निकासीको स्तरीय रूपमा विविधीकरण गराई निकासी बढाउन समुचीत प्रयत्नको सुरुवात भइसकेको छ । परम्परागत एवम् नव-परम्परागत निकासी वस्तुहरुको स्तरीयरूपमा उत्पादन बढाएर निकासीयोग्य वस्तुहरुको निकासी बढाइने भनिएको छ । बढी फाइदा हुने प्रशोधीत तथा तयारी वस्तुका निकासी बढाउन बढी जोड दिइएको छ ।

लाभदायक रोजगारी बढाउने गरी उपयुक्त निकासीयोग्य प्रशोधीत एवम् औद्योगिक वस्तु तथा नयाँ वस्तुका पहिचान गरी उत्पादन बढाएर विदेशी मुद्राको आर्जनमा केन्द्रीत गरिएको छ । सेवामूलक व्यापार तथा व्यवसायलाई समुचीतरूपले विकास गराई विदेशी मुद्राको आर्जनमा बढी जोड दिइएको छ । जनशक्तिको समुचीत उपयोग गराउनका लागि बान्छनीय तथा सम्भव जनशक्तीसहित सीपको विकास गराई सेवामूलक कार्यहरु बढाउनुका साथै त्यस्ता सीपको निकासी बृद्धिमा सहयोग गरिने देखिएको छ ।

निकासीयोग्य वस्तुहरु तथा सेवाका समुचीत विकास गर्न, गराउन आधुनिक उपयुक्त प्रबिधि प्रवाह गराउनुका साथै संस्थागत तथा भौतिक आधारशीलाहरुको विकास गराउने वातावरण नेपाल व्यापार एकीकृत रणनीतिमा २०६७ देख्न पाइन्छ । व्यापार नीति तथा रणनीतिहरुमा उल्लेखित कार्यहरुलाई छिटो, छरितो र पारदर्शीरूपले सञ्चालन गराउन उदार सरोकार नीतिहरु निर्माण गरी प्रशासनिक प्रकृयाहरुमा आमुल परिवर्तन गरी अझ उदारता, सरलता र गतिशीलता अपरीहार्य देखिन्छ ।

पूर्णबन्देज वा परिमाणात्मक बन्देज लगाइएका सामान बाहेक अन्य वस्तुहरुको निकासी गर्न इजाजत चाहिने छैन् । परिमाणात्मक बन्देज लगाइएका वस्तुको हकमा सोधखोज गरी निकासी इजाजतपत्र दिइने छ । तर वैदेशिक मुद्राको कमी हुने अवस्था लागेकाले २०७८ माघ पछि केही वस्तुमा आयातमा पूर्व प्रतिपत्र लिन पर्ने गरिएका छ । निकासी बढाउनको लागि सरकारले पारबहन तथा ढुवानी व्यवस्थामा सुधार ल्याउन संस्थागत तथा भौतिक आधारशीलाहरुको विकास गराउँदै प्रशासनीक प्रक्रियालाई पारदर्शी, छिटो र छरितो बनाइने भनिएको छ ।

***(लेखक व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका पूर्व नायव कार्यकारी निर्देशक हुन् ।)***

## सामाजिक सञ्जाल



**- प्रेम घर्ती मगर**

प्रदेश र संघको आगामी चुनावमा कांग्रेसले ६० प्रतिशत माग्ने, माओवादीले ५० प्रतिशत माग्ने, एकीकृत समाजवादीले ४० प्रतिशत माग्ने, जसपा र राष्ट्रिय जनमोर्चाले पनि १०/१० प्रतिशत माग्ने होला । गठबन्धन घटकहरूबीच भागबण्डाको विषय रस्साकस्सी होला जस्तो छ ।



**- कृष्ण घिमिरे**

भान्छामा दुई थरी तरकारी ट्रोलमा । विम्ब प्रयोग गर्दा अमिल्दो शब्दावली र मनोसाहित्य नजुर्ने । विम्ब प्रयोगको पात्र, छवि र अवस्था सिधै विम्बमा जोडिन्छन्, ठोकिन्छन् । महङ्गी अचाक्ली बढेको छ । सरकार अकर्मण्यक र गैरजिम्मेवार छ । तर दुई टुक व्यंग्यले विपक्षको कर्तब्य पुरा हुँदैन, धर पाईंदैन ।



**- बाबुलाल भण्डारी**

सिसीटिभी फुटेजमा जनार्दनको खास कुरो फेला परेन तापनि धुइँपत्ता लगाएर खोजबिन जारी छ, खोज्नु नै पर्छ । तर अर्कोतर्फ पार्टीको हनुमाने कार्यकर्ता कानुन विपरीत मुलुकको मौलिक नीति बनाउने जस्तो संवेदनशील र गम्भीर जिम्मेवारीमा छ । कुरा त यो पनि साधारण होइन !



**- विष्णु सापकोटा**

नेपालका पूर्वप्रधानमन्त्री सबैलाई मंसिरको चुनावमा सधैंको लागि बिदा गर्नु अहिलेको राष्ट्रिय आवश्यकता हो । यी 'राजनीतिक बृद्धहरूले' आफु–आफु एकता गर्ने हक त राख्छन् । तर जनताले छुट्टै एकता गरेर यिनिहरू जहाँ उठ्छन् त्यहीँबाट हराउनु राजनीतिको शुद्धिकरणको लागी सानो तर सुन्दर सुरूवात हुनेछ ।



**- सेतेमान तामाङ (च्याङ्बा)**

जब नेतृत्वले मितव्ययिता भन्दा पनि आर्थिक लोभ तर्फ केन्द्रित रहन खोज्छन्, तब जताततै भ्रष्टाचारीहरूको बिगबिगी हुन थाल्छन्, कर्मचारीहरू नियन्त्रणभन्दा बाहिरा जान्छन् र कुशासन र कुसंस्कारको राजनीतिले दिक्क भएर असल राजनीतिको संस्कार नै समाप्त गरिदिन्छ ।

# स्वार्थी राजनीति र संकटमा राष्ट्र

**विचार**



● उपेन्द्र झा

सत्य र असत्यको परीक्षण कति जटिल छ भने नतिजा हेर्न नपाउँदै पीढि दर पीढि बित्दै गएको हुन्छ । आजको सत्य भोलि असत्यमा परिणत भएको देख्दा चकित हुनु स्वाभाविक हो । सच्याउन पनि पीढि नै बित्ने जटिलताको चक्करमा मानिसको ब्रह्मले पनि साथ छोड्छ । गाईवस्तुलाई हरियो चश्मा लगाएर सुकेको घाँस खान दिए जस्तै सत्य, असत्यको भ्रमित परिभाषामा अल्झाएर राख्ने प्रवृतिले सत्य नतिजा देखाउँदैन । लक्ष्यमा पुग्न एउटा सैद्धान्तिक अडान लिएर राजनीतिक यात्रामा हिँडेकाहरू जब सरकार बनाउन पुग्छन्, त्यहाँ सैद्धान्तिक विचलनमा फस्छन् र जनताको आकांक्षा अधुरो रहन्छ । आफ्नो उद्देश्यलाई असत्य र यथास्थितिलाई सत्य परिभाषा गर्ने राजनीतिक यात्रीहरू चालक प्रवृतिका हुन् कि आफू रूपान्तरण हुनु बाध्यता हो । यसरी सत्य असत्यको भ्रमित परिभाषाले राजनीतिक गन्तव्य नै अन्योलमा पर्छ ।

जनताको हक अधिकारलाई संविधानमा सुनिश्चित गर्नु र कार्यान्वयन पक्ष कडाईका साथ लागू हुँदा मात्र जनअपेक्षा पूरा हुन्छ । संविधान प्रदत्त अधिकारको उपभोग गर्दा शब्दजालमा फँसाएर अपराधी ठहऱ्याउने, अधिकार उपभोग गर्न नदिने प्रपञ्च रच्ने जनप्रतिनिधी नै देखा पर्छन् भने के सत्य र के असत्य जनता ठम्याउनै सक्दैन । नीति निर्माणको केन्द्रमा बसेर दुरूह शब्दजालबाट परिभाषा गर्ने राजनेताको परिभाषा गलत हुँदैन भनेर विश्वास गर्ने निरीह जनता जब प्रतिकूल परिस्थितिको सामना गर्ने अवस्थामा पुग्छन् तब विद्रोही बनेका हुन्छन् । जनतालाई अधिकार दिनु भनेको शासक वर्ग संकुचनमा पर्नु हो । आफ्नो अधिकार क्षेत्रको संकुचन कसैले स्वीकार गर्न सक्दैन । अधिकार दिन बाध्यता पनि छ । कम क्षति हुने किसिमले दिए जनअधिकारको बाँगिएको परिभाषा गरि दिने प्रपञ्च रच्दै राजनीतिलाई दुषित बनाउँदै लगेकोबाट यसले सकारात्मक परिणाम दिनै सक्दैन । आफ्नो स्वार्थलाई प्राथमिकतामा राखेर जनअपेक्षालाई वेवास्ता गरि हिँड्ने केही समयका लागि सफल होला, तर पछि ठूलो जनविद्रोहको सामना गर्नुपर्ने हुन्छ । जनताको आन्दोलनको आवाजबमोजिम शासन प्रणालीको नाम संघीय लोकतान्त्रिक गणतन्त्र त राखियो, तर त्यो आवरणको रूपमा मात्र रह्यो । एक ठाउँबाट भ्रष्टाचार हुँदा कसैलाई पुग्ने, नपुग्ने अवस्था थियो । अहिले सात वटा ठाउँबाट भ्रष्टाचार गर्ने अवसर बनाइयो । हरेक कुराबाट अवसर प्राप्त गर्ने प्रवृतिको विकास भयो । जनअपेक्षा पूरा गर्ने राजनीतिको गन्तव्य नै दिग्भ्रमित भयो र जनप्रतिनिधिको स्वार्थ पूरा गर्ने माध्यम बन्यो । यसरी राजनीतिको स्वरूप नै बदलियो ।

*दलीय स्वार्थभन्दामाथि उठेर देशको स्वार्थमा सोच्ने राजनीतिक दलमा विकास भएको छैन । यसरी न संघ, न लोकतन्त्र, न गणतन्त्र ट्र्याकमा हिँड्न सकेको छ । देशको राजनीतिक अवस्था लामो समयदेखि अस्तव्यस्त रहेको कारणले नियम काननू, सरकारी संयन्त्र सबै अस्तव्यस्त रहेकोले देशमा असामाजिक तत्वको बिगबिगी बढेको छ ।*

गरिब मुलुकका दरिद्र मानसिकताबाट ग्रसित रोगीहरू जनप्रतिनिधिको रूपमा राज्यसत्तामा आए । पूर्ववर्ती शासकदीर्घामा बसेकाहरू यिनका मार्गदर्शक बने । आफ्नो सुरक्षाका लागि मित्रवत् तथा दास, गुलामको भूमिकामा रहेका पूर्ववर्ती शासकहरूले यिनको स्वच्छतामाथि ठूलो प्रहार गऱ्यो । निजी धन कमाउन अवसर देखाउने ती भ्रष्ट सल्लाहकारहरूको मोहपाशमा बाँधिएपछि यी दरिद्रताका रोगीहरू देश र जनताप्रतिको जिम्मेवारी र दायित्वबाट बञ्चित हुन पुगे । आन्दोलनपछि राज्यसत्तामा पहिलो पल्ट नवआगन्तुकहरूले धनलाभको इच्छालाई नियन्त्रणमा राख्न चाहेन । धन कुबेर भएपछि राजनीतिमा त्यसैपनि स्थापित हुने इच्छा प्रवल रूपमा बढ्दै गएपछि सैद्धान्तिक विचलन शुरू भयो र देश र जनताप्रतिको दायित्व हराउँदै गयो । जनउत्तरदायी सरकार भनिए पनि काम भने आफ्नै बर्चस्वको लागि गर्ने प्रवृतिले देशको राजनीति अवस्था बिग्रिदै गएको छ । असल अभिभावकत्वको अभावमा भ्रष्टाचारीहरूले आर्थिक क्षेत्रलाई पनि दयनीय बनाइदिएको छ । सरल रूपमा असीमित आम्दानी हुने राजनीतिक क्षेत्रमा विस्तारै देशको अधिकांश जनशक्ति केन्द्रित हुन थालेपछि अरू क्षेत्र जनशक्तिको अभावमा धाराशायी हुने नै भयो । अवसरको अभावमा नेपालका ६० लाखभन्दा बढी युवा विदेश पलायन भएकोले नेपालमा जनशक्तिको अभाव खडकिनु स्वाभाविकै हो ।

देशको आर्थिक अवस्था जर्जर रहेको अब सरकारी स्तरमा चर्चा हुन लागेको छ । अहिलेसम्म लाज पचाएर मिथ्यांक देखाउने, आर्थिक क्षेत्र राम्रो रहेको दावा गर्नेहरू अब देशको आर्थिक अवस्था खराब भनेर भन्न थालेपछि सत्यतथ्य बाहिर आएको छ । विदेशी मुद्रा सञ्चितीको अवस्था अति कमजोर रहेको कारण नै नेपाल राष्ट्र बैंकले ६५ वस्तुको आयातमा रोक लगाएको छ । सरकारी कर्मचारी, जनप्रतिनिधिहरू, सरकार तथा बिचौलियाहरू सबै एकनाशले देशको अर्थ व्यवस्थालाई घुन जस्तै चाट्दै गएपछि देश यस्तो अवस्थामा पुगेको छ । नेपालका बेरोजगार युवाहरूको विदेश पलायन सरकारका लागि लाजको विषय नभएर गौरवको विषय भएको छ । रेमिट्यान्स भित्रिने अवस्थाले यो गौरवको विषय बनेको हो । खर्बमा रेमिट्यान्स भित्रिए पनि यसले अर्थतन्त्र उकास्नमा खासै भूमिका देखाएन । सरकार पनि सन्तुलित अवस्थामा रहेन । अर्थात् हरेक क्षेत्रको असन्तुलनले देशमा आर्थिक, सामाजिक, राजनीतिक अराजकता बढाएर शासक वर्गमा किंकर्त्तव्यविमुढको अवस्था सिर्जना गरिदिएको छ ।

दलीय स्वार्थभन्दामाथि उठेर देशको स्वार्थमा सोच्ने राजनीतिक दलमा विकास भएको छैन । यसरी न संघ, न लोकतन्त्र न गणतन्त्र ट्र्याकमा हिँड्न सकेको छ । देशको राजनीतिक अवस्था लामो समयदेखि अस्त व्यस्त रहेको कारणले नियम काननू, सरकारी संयन्त्र सबै अस्त व्यस्त रहेकोले देशमा असामाजिक तत्वको बिगबिगी बढेको छ । बेरोजगारी, महँगी, हत्या, हिंसा, बलात्कार, चोरी, डकैती आदि असामाजिक गतिविधि बढ्न थालेको छ । आयातमा आधारित नेपाली जनजीवन कतिञ्जेल भोकमरीको शिकार हुने, यो पनि न सरकार न प्रतिपक्ष कसैको सरोकारको विषय रहेन । अर्थात् जेहोला देखा जाला भन्ने स्थिति देखा पर्दैछ । यस्तै श्रीलंकामा सरकारको वेवास्ताका कारण देश भोकमरीमा परेको हो । नतिजा जनताले लखेटेर देशबाट भगाएको छ । सरकारी नियन्त्रणभन्दा बाहिर रहेको हरेक कुरा अनियन्त्रित अवस्थामा रहेकोले जनताको पहुँचभन्दा बाहिर जान थालेपछि नेपाली जनताले श्रीलंका जस्तै यहाँ पनि सरकारलाई लखेटेर धपाउने बेर छैन ।

# श्रीलंकाको राष्ट्रपतिमा रनिल विक्रमासिंघे निर्वाचित



**काठमाडौं/एजेन्सी–** श्रीलंकाका कार्यवहाक राष्ट्रपति रनिल विक्रमासिंघे राष्ट्रपतिमा निर्वाचित भएका छन् । नवनिर्वाचित राष्ट्रपति विक्रमासिंघे सन् २०२४ सम्म पदमा रहनेछन् । राष्ट्रपतिका लागि तीन जना उम्मेदवार प्रतिस्पर्धामा थिए ।

२२५ सदस्यीय सदनमा ६ पटक प्रधानमन्त्री बनेका ७३ वर्षीय विक्रमासिंघेले १३४ मत प्राप्त गरे भने उनका निकटतम प्रतिद्वन्द्वी तथा असन्तुष्ट सत्तारुढ दलका नेता दुल्लास अलाहपेरुमाले ८२ मत पाए । वामपन्थी जनता विमुक्ति पेरामुना (जेभीपी) का नेता अनुरा कुमारा दिसानायकेले जम्मा तीन मत पाए ।

विक्रमासिंघेलाई प्रदर्शनकारीहरूले खासै मन पराउँदैनन् । उनलाई राजापाक्षेको सहयोगीका रूपमा हेर्छन् । प्रदर्शनकारीले प्रधानमन्त्री पदबाट राजीनामा माग गर्दै प्रदर्शन गरेका थिए । कार्यवाहक राष्ट्रपति बनेपछि उनले देशमा संकटकाल घोषणा गरेका थिए ।

गत साता तत्कालीन राष्ट्रपति गोटाबय राजपक्ष देश छाडेर भागेका थिए । हजारौं प्रदर्शनकारी राष्ट्रपति निवास तथा अन्य सरकारी कार्यालयहरूमा बलजफती छिरेर राजपक्षको राजीनामा माग गरेपछि उनी माल्दिभ्स हुँदै सिंगापुर पुगेका थिए ।

प्रदर्शनकारीहरूले गत मे महिनामा प्रधानमन्त्री नियुक्त भएका विक्रमसिङ्केको समेत राजीनामा माग गरेका थिए । प्रदर्शनकारीहरूले उनको निजी निवासमा आगजनी गर्दै उनको सरकारी निवास कब्जा गरेका थिए । यद्यपि विक्रमसिंघेले त्यस्ता मागलाई बेवास्ता गर्दै आएका थिए ।

राजपक्षले देश छाडेपछि उनले स्वतः कार्यवाहक राष्ट्रपतिको भूमिका निर्वाह गर्दै आएका थिए ।

बुधवारको जितको अर्थ उनले सन् २०२४ को नोभेम्बरसम्म बाँकी राष्ट्रपतीय कार्यकाल सम्हाल्नेछन् । विक्रमसिंघेसामु टाट पल्टिएको देशलाई सहज अवस्थासम्म पुऱ्याउने र महिनौंको विरोध प्रदर्शनपछि बिग्रिएको सार्वजनिक सुव्यवस्था पुनर्स्थापित गर्ने जिम्मेवारी छ ।

मतदानपछि संसदमा बोल्दै ७३ वर्षीय विक्रमसिंघेले देश निकै कठिन अवस्थामा रहेको भन्दै आफ्ना राजनीतिक प्रतिस्पर्धीहरूलाई समेत आफ्नो सरकारसँग देशको हितका लागि काम गर्न आग्रह गरे ।

उनको आर्थिक क्षेत्रको अनुभवका कारण भन्दै श्रीलंकाको सत्तारूढ दल पोदुजन पेरुमुन पार्टीका बहुमत सांसदले समेत विक्रमसिंघेलाई सघाएका थिए । राजपक्षहरूले नेतृत्व गरेको पोदुजन पेरुमुन पार्टी गत निर्वाचनमा विजयी भएको थियो । ६ पटक प्रधानमन्त्री भइसकेका उनी यसअघि दुईपटक राष्ट्रपतीय प्रतिस्पर्धामा सहभागी भएका थिए ।

# द्विपक्षीय सम्बन्ध सुदृढ बनाउन रुस र इरान सहमत

**काठमाडौं/एजेन्सी–** रुस र इरान द्विपक्षीय सम्बन्ध सुदृढ बनाउन तथा पारस्परिक सहयोग अभिवृद्धि गर्न सहमत भएका छन् । दुबै देशका राष्ट्रपतिबीच मंगलबार भएको भेटवार्तामा यस्तो सहमति भएको हो ।

राष्ट्रपति भ्लादिमिर पुटिन र राष्ट्रपति इब्राहिम राइसीबीचको भेटवार्ता व्यापारिक साझेदारी, सुरक्षा, पूर्वाधार निर्माण, आर्थिक सहयोग र ऊर्जामा केन्द्रित रहेको इरानी राष्ट्रपति कार्यालयको वेबसाइटमा उल्लेख छ ।

दुवै राष्ट्रपतिबीच क्षेत्रीय सुरक्षा प्रवर्द्धनका साथै आपसी सहयोग र सम्बन्ध विस्तार, औद्योगिक विकास तथा संयुक्त लगानीबारे पनि विचारविमर्श भएको थियो । सिरियामा आतंकवादविरुद्ध सामूहिक रूपमा गरिएको संघर्षबारे पनि कुराकानी भएको थियो । आगामी दिनमा पनि दुवै नेताले आपसी हितका साथै साझा चासोका विषयमा मिलेर अघि बढ्न सहमति जनाएका छन् ।

## कम्पनीको नाम परिवर्तन भएको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/४/५**

चम्पादेवी ट्रेड एण्ड सप्लायर्स प्रा.लि. को मिति २०७९/३/१० गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय र कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०७९/३/२९ को निर्णयानुसार साविकको चम्पादेवी ट्रेड एण्ड सप्लायर्स प्रा. लि. (प्रा.लि.नं.२७६६४४) को नाम परिवर्तन गरी टक्सार पब्लिकेशन प्रा. लि. (Taksar Publication Pvt. Ltd.) कायम भएको हुँदा साविकको कम्पनीको नाममा रहेको सम्पूर्ण चल-अचल सम्पति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नामको टक्सार पब्लिकेशन प्रा.लि.ले सकार्ने व्यहोर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**चम्पादेवी ट्रेड एण्ड सप्लायर्स प्रा. लि.**
**महालक्ष्मी-५ ललितपुर**

## वाहा म्यानपावर्स सप्लायर प्रा.लि. को अत्यन्त जरुरी सूचना

**वैदेशिक रोजगारबाट श्रम प्राप्त संस्था यस वाहा म्यानपावर्स सप्लायर प्रा.लि (इजाजतपत्र नं. ४६९।०६०।०६१) को नाम लिई कतार देशमा पठाउनको लागि यस संस्थाको अनुमति विपरीत मेडिकल गराईरहेको सुन्नमा आएकोले यस संस्थाको ध्यानाकर्षण भएको छ । यस संस्थाले कतार देश पठाउनको लागि कुनै पनि मेडिकल संस्थाहरुमा मेडिकल गराउनको लागि सिफारिस तथा व्यक्तिगत रुपमा कसैलाई पनि जिम्मेवारी नदिएको व्यहोरा जानकारी गराईन्छ। यस संस्थाको अनुमति बेगर कुनै पनि व्यक्तिले संस्थाको नामलिई मेडिकल नगर्न नगराउनहुन अनरोध गर्दछौं । साथै यस संस्थाको नामलिई अनधिकृत रुपमा मेडिकल गराएको पाईएको खण्डमा कानूनी कारवाही समेत गरिने यसै सूचना मार्फत सबैमा जानकारी गराईन्छ। यस प्रा.लि.को कहि कतै शाखा र सम्पर्क कार्यालय नभएको र कोही एजेण्ट समेत नभएको पनि यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराउँदछौं । यदि कसैले यस संस्थाको नामलिई मेडिकल गराउने कार्य भईरहेको थाहापाएमा तल लेखिएको ठेगानामा सूचना दिनुहुन यस संस्था बिनम्र अनुरोध गर्दछ ।**

**Wahaa Manpowers Supplier Pvt. Ltd.**
Govt Lic No. 469/060/061
Kalopul-07, Kathmandu, Nepal
Tel: +977-01-4583566 , 014581670
Email:wahaa.nepal@gmail.com
मो: ९८५१०९२८२२, ९८५१०४९६२२, ९८५१०७१२९९, ९८०३१००२२४


## साउदीमा रोजगार | कम्पनी : NASSAQ AL MAALY COMPANY FOR INDUSTRY
शहर: Riyadh

पूर्व स्वीकृत मिति: २०७९/०३/०२ चलानी नं.: ६०१८११७५ LT. No.: 265184 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 100 | 0 | स. काममा दक्ष | 1000 | ३३,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १२ गते (28 July 2022) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**H.M.T. Overseas Pvt. Ltd.** Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301
CONTACT NO- 9803515104, 9813792179, 9816332223, 9808466028, 9852059287, 9845878321, 9869317171, 9801848598



## कतारमा रोजगार | कम्पनी: BRAHMI CONTRACTING WLL
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७९/०४/०४ चलानी नं.: ६०१८३५१५ LT. No.: 267616

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Administration | 1 | 0 | सम्बन्धित काममा दक्ष | 11000 | ३,८३,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Budget Co-ordinator | 1 | 0 | | 11000 | ३,८३,६८० | | | | | | | |
| 3. | Director | 1 | 0 | | 11000 | ३,८३,६८० | | | | | | | |
| 4. | Foreman | 1 | 0 | | 4000 | १,३९,५२० | | | | | | | |
| 5. | Labour | 1 | 0 | | 1000 | ३४,८८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १२ गते (28 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Diamond Star Overseas Pvt. Ltd.** Lic. No. 1353/074/075
Buddhanagar-10, Kathmandu, Nepal. PH: 01-4796680, 9818429557, 9809402086
यस प्रा ली को लागी १० जना PRO आवश्यक भएकाले तुरुन्त सम्पर्क गर्नुहोला ।



## कुवेतमा रोजगारको अवसर | १. कम्पनी: YUSUF AHMED ALGHANIM & SONS CO.WLL
शहर: Kuwait

पूर्व स्वीकृत मिति: २०७८/१२/०४ चलानी नं.: ६०१७६१३२ L.T. No.: 259841 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 20 | 0 | सम्बन्धित काममा दक्ष | 155 | ६२,२४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Vehicle Driver | 15 | 0 | | 180 | ७४,६९६ | | | | | | | |
| 3. | Indoor Laborer | 46 | 0 | | 85 | ३५,२७३ | | | | | | | |
| 4. | Light Vehicle Driver | 18 | 0 | | 135 | ५६,०२२ | | | | | | | |
| 5. | Outdoor Laborer | 8 | 0 | | 95 | ३९,४२३ | | | | | | | |
| 6. | Sales Associate (Salesman/ marketing/sales Executive) | 30 | 0 | | 135 | ५६,०२२ | | | | | | | |
| 7. | Warehouseman | 30 | 0 | | 120 | ४९,७९८ | | | | | | | |
| 8. | Washing Woker | 20 | 0 | | 85 | ३५,२७३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १२ र १३ गते (28 & 29 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Dynamic Sales & Services (P) Ltd.** श्रम इजाजत नं. १०९/०५४/०५५
Post Box No. 2012, Basundhara, Kathmandu, Nepal
Phone: 00977-1- 4354614,4356831, 4356625, Fax: 00977-7- 4355570
E-mail: info@dssnepal.com, Website: www.dynamicmanpower.com



## बहराइनमा रोजगार | कम्पनी : ELITE GROUP INTERNATIONAL
शहर: Bahrain

पूर्व स्वीकृत मिति: २०७८/०७/१७ चलानी नं.: ६०१७०६४४ L.T. No.: 249708 पून: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bell Boy | 2 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ४९,५८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chef Departie | 4 | 0 | | 300 | ९९,१६२ | | | | | | | |
| 3. | Cleaner | 0 | 5 | | 100 | ३३,०५४ | | | | | | | |
| 4. | Cook General | 13 | 0 | | 150 | ४९,५८१ | | | | | | | |
| 5. | Kitchen Aide | 15 | 0 | | 110 | ३६,३५९ | | | | | | | |
| 6. | Life Guard | 2 | 0 | | 150 | ४९,५८१ | | | | | | | |
| 7. | Recepstionist | 3 | 4 | | 150 | ४९,५८१ | | | | | | | |
| 8. | Room Attendant | 10 | 5 | | 120 | ३९,६६४ | | | | | | | |
| 9. | Secuity Guards | 5 | 0 | | 150 | ४९,५८१ | | | | | | | |
| 10. | Waiter | 12 | 9 | | 150 | ४९,५८१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १२ गते (28 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**EASY OVERSEAS PVT. LTD.** Gov Lic No. : 1261/074/75
Basundhara, Kathmandu, Tel.:01-4016539
9851176605, 9849124498, 9849991143, Pokhara :9802855070



## साउदीमा रोजगार | १. कम्पनी :EMAAR AL BADR CONTRACTING COMPANY IS A ONE PERSON COMPANY
शहर : RIYADH

पूर्व स्वीकृत मिति: २०७९/०२/१० चलानी नं.: ६०१७९६०६ LT. No.: 263477 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 15 | 0 | स. काममा दक्ष | 1800 | ६२,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी :FUTURE PERFORMANCE GENERAL CONTRACTING EST. KHALED MUSHABAB AL SHARMAN शहर : RIYADH

पूर्व स्वीकृत मिति: २०७९/०१/०९ चलानी नं.: ६०१७८३६९ LT. No.: 262138 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Pan Road Machinery Driver | 2 | 0 | | 1800 | ६२,७८४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ साउन १२ गते (28 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | रु. १०,०००/- रोजगारदाताले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**FAZAL INTERNATIONAL PVT. LTD.** Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4481208, 4481209, Fax: 4481210



## मलेशियामा रोजगारीको अवसर | कम्पनी : KENWON KARTON SDN. BHD.
शहर : DUBAI

पूर्व स्वीकृत मिति: २०७९/०४/०३ चलानी नं.: ६०१८३५४८ L.T. No.: 267589

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | स. काममा दक्ष | 1500 | ४३,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ साउन ११ गते (27 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाताले व्यहोने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Fusion International Pvt Ltd** Gov Lisence No: 283/058/059
Panchakumari Marga, New Baneshwor, Kathmandu, Nepal
Tel 01-4465326
Email: info@fusionintlpvt.com Website:www.fusionintlpvt.com



## यूएईमा रोजगारको अवसर | कम्पनी: MOHAMMED PABEL ALAM SERCURITIES SERVICES
शहर: UAE

पूर्व स्वीकृत मिति: २०७८/११/०१ चलानी नं.: ६०१७४४१८ LT. No.: 257331 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Receptionist | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४१,६८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Information Clerk | 4 | 0 | | 1200 | ४१,६८८ | | | | | | | |
| 3. | Data Entry Clerk | 4 | 0 | | 1200 | ४१,६८८ | | | | | | | |
| 4. | Secretary | 1 | 0 | | 1200 | ४१,६८८ | | | | | | | |
| 5. | Secretary Supervisor | 1 | 0 | | 1200 | ४१,६८८ | | | | | | | |
| 6. | Secretary Manager | 1 | 0 | | 1200 | ४१,६८८ | | | | | | | |
| 7. | Operation Manager | 1 | 0 | | 1200 | ४१,६८८ | | | | | | | |
| 8. | Follow Up Clerk | 1 | 0 | | 1200 | ४१,६८८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ साउन १२ गते (28 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
